नेपाल सरकार र आई.डी.ए. (विश्व बैंक) बीच सन् २०१८ नोभेम्बर १४ मा भएको सम्झौता अनुसार खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (Food and Nutrition Security Enhancement Project - FANSEP) गोरखाको गण्डकी र बारपाक सुलीकोट, धादिङ्को गजुरी र बेनीघाट रोराङ, सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको तामाकोसी र कालिन्चोक, महोत्तरीको एकडारा र पिपरा, धनुषाको धनौजी र मुखियापट्टी मुसहरनिया, सिराहाको औरही र बरियारपट्टी तथा सप्तरीको विष्णुपुर र राजगढ गाउँपालिकाहरूमा सञ्चालनमा आएको छ । यस आयोजनाको सम्भाग "क" (Component A) अन्तर्गत विभिन्न अवधिका बाली उत्पादन कृषक पाठशाला, कुखुरापालन कृषक पाठशाला, बाख्रापालन कृषक पाठशाला, दूध उत्पादन कृषक पाठशाला, सम्भाग ख (Component B) अन्तर्गत कृषि व्यवसाय पाठशाला र सम्भाग ग (Component C) अन्तर्गत पोषण पाठशालाहरूको माध्यमबाट आयोजनाको लक्षित वर्गमा उन्नत प्रविधि तथा अभ्यासहरूबारे ज्ञान, सीप र चेतनाको अभिवृद्धि गरी कृषि तथा पशुपन्छीजन्य उत्पादकत्व वृद्धि तथा समुदायको पोषण अवस्थामा सुधार ल्याउनु रहेको छ ।

कृषक पाठशालाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न पाठशाला सहजकर्ताहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । आयोजनाबाट प्रशिक्षित सहजकर्ताहरू (प्राविधिक वा कृषक सहजकर्ता) ले पशुपन्छी पालन कृषक पाठशाला सञ्चालन कार्यविधि २०७७ अनुसार गाउँपालिकास्तरमा सञ्चालन हुने कृषक पाठशालाको सत्र सहजीकरण, पाठशाला सञ्चालन, अनुगमन र पृष्ठपोषण गर्नेछन । सहजकर्ताहरूमा बाख्रापालन कृषक पाठशाला सहजीकरण सहयोगी पुस्तिका (म्यानुयल) मा समेटिएका विषयवस्तुहरूलाई कुशल ढङ्गबाट सहजीकरण गर्ने दक्षता विकास गर्ने गरी यो पाठ्यक्रम तयार गरिएको छ ।

### २. पाठ्यक्रम विवरण

कृषक पाठशाला मूलतः व्यावहारिक ज्ञान, सीप हासिल गर्ने थलो भएकोले यस तालिम पाठ्यक्रम विषय विशेषज्ञहरूलाई संलग्न गराई पशुपन्छी पालन कृषक पाठशाला सञ्चालन कार्यविधि २०७७ र बाख्रापालन कृषक पाठशाला सहजीकरण सहयोगी पुस्तिका (म्यानुयल) सँग तालमेल हुने गरी तय गरिएको छ । बाख्रापालन कृषक पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरुका लागि प्रशिक्षक प्रशिक्षण तालिमको स्वीकृत पाठयक्रम तल तालिकामा दिइएको छ ।

## ३. तालिमको उद्देश्य

यस तालिमको मुख्य उद्देश्य आयोजना लागू भएका गाउँपालिकाहरूमा सञ्चालन हुने बाख्रापालन कृषक पाठशाला प्रभावकारी रूपमा सञ्चालन गर्न सहजकर्ताहरू तयार गर्नु रहेको छ ।

तालिमका विशेष उद्देश्यहरू देहायअनुसार रहेका छन् ।

- बाख्रापालन कृषक पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरूको दक्षता अभिवृद्धि गर्ने ।
- समयसन्दर्भ र स्थानीय वस्तुस्थितिअनुसार बाख्रापालन कृषक पाठशालाको विषयवस्तु, पाठयोजना तयारी र सञ्चालन विधिलाई प्रभावकारी रूपले सहजीकरण गर्न सहजकर्ताहरूलाई सक्षम बनाउने ।
- गाउँपालिकास्तरमा सञ्चालन हुने बाख्रापालन कृषक पाठशालाको नियमित रूपमा अनुगमन, रिपोर्टिङ र पृष्ठपोषणका लागि सहजकर्ताहरूलाई सक्षम बनाउने ।

## ४. तालिम सञ्चालन प्रक्रिया र विधि

सहजकर्ताहरूको प्रशिक्षक प्रशिक्षण तालिमको अवधि १४ दिनको हुनेछ । आयोजनाले छनौट गरेको उपयुक्त स्थानमा आवासीय रूपमा तालिम सञ्चालन गरिनेछ । प्रत्येक दिन जम्मा चारवटा सत्रहरू सञ्चालन गरिनेछ र सामान्यतया प्रत्येक सत्र १ घण्टा ४५ मिनेटको हुनेछ ।

तालिममा पूर्व मूल्याङ्कन, कार्यपत्र प्रस्तुति, छलफल, मस्तिष्क मन्थन, सफलताका पक्षहरूको छलफल, फिल्ड अभ्यास, समूहकार्य एवं प्रस्तुति, प्रश्नोत्तर, सामूहिक छलफल, स्थान विशेषका योजना तयारीका अभ्यास, समकक्षीहरूबाट समीक्षा र अनुगमन, स्थलगत अध्ययन भ्रमण, सन्दर्भ हेरी सिकाइ साटासाट, कार्य योजनाको प्रस्तुति, तालिम पश्चातका अन्तिम मूल्याङ्कन आदि विधिहरू प्रयोग गरिनेछ । प्रशिक्षक प्रशिक्षण तालिम सफलतापूर्वक सम्पन्न गरेका सहजकर्ताहरूलाई बाख्रापालन कृषक पाठशाला सञ्चालन गर्ने कार्यमा लगाइनेछ ।

## ५. तालिमका सहभागीहरू

आयोजना क्षेत्रका गाउँपालिकाहरूमा कार्यरत आयोजनाका पशुसेवा प्राविधिकहरू, आयोजना व्यवस्थापन इकाई, आयोजना क्लस्टर इकाईमा कार्यरत प्राविधिकहरू मध्येबाट सहभागीको छनौट गरिनेछ । त्यस्तै विगतमा बाख्रापालन कृषक पाठशालामा सहभागी कृषकहरू मध्येबाट पनि सहभागीको छनौट गरिनेछ ।

## ६. अपेक्षित उपलब्धि

यस तालिमबाट बाख्रापालन कृषक पाठशाला सञ्चालनका लागि योग्य सहजकर्ताहरू तयार हुनेछन । ती सहजकर्ताहरू गाउँपालिकास्तरमा सञ्चालन हुने कृषक पाठशालाको सहजीकरण, अनुगमन, रिपोर्टिङ र पृष्ठपोषण गर्न पूर्ण सक्षम हुनेछन ।

## बाखापालन कृषक पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरुका लागि प्रशिक्षक प्रशिक्षण तालिमको पाठयक्रम

अवधिः १४ दिन

प्रतिदिन सेसन संख्या: ४

प्रतिसेसन समयः १ घण्टा ४५ मिनेट

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| १ | १ | सहभागीहरूको उपस्थिति दर्ता, परिचय, तालिमको उद्देश्य र तालिमको उदघाटन | १ | |
| | २ | सहभागीहरूको समूह विभाजन, समूहहरूको नामाकरण र तालिम अवधिभरका लागि नीतिनियम तथा आचारसंहिता तयार, तालिमपूर्वको परीक्षा संचालन | | १ |
| | ३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबारे जानकारी | १ | |
| | ४ | बाखापालन कृषक पाठशालाको अवधारणा तथा विशेषता<br>अन्य तालिम तथा कृषक पाठशालाबीच भिन्नता<br>कृषक पाठशाला सञ्चालनका लागि गर्नुपर्ने पूर्वतयारी तथा यसका विभिन्न चरणहरू | १ | |
| २ | १ | बाखापालन कृषक पाठशालाको तयारी बैठक १ | | १ |
| | २ | बाखापालन कृषक पाठशालाको तयारी बैठक २ | | १ |
| | ३ | बाखाको वृद्धि विकास पात्रो र मौसमी पात्रो तयार | १ | |
| | ४ | बाखाको वृद्धि विकास र मौसमी पात्रो तयारीका लागि फिल्ड अभ्यास | | १ |
| ३ | १ | बाखाको वृद्धि विकास र मौसमी पात्रो तयारीका लागि फिल्ड अभ्यास | | १ |
| | २ | फिल्ड अध्ययनबाट सङ्कलित तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणका लागि उपसमूहमा तयारी | | १ |
| | ३ | बाखाको प्रजनन व्यवस्थापन (खसी पार्ने समेत) | | १ |

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | ४ | बाखापालन कृषक पाठशालामा तुलनात्मक अध्ययन परीक्षण र सहायक अध्ययन परीक्षण । | १ | |
| ४ | १ | बाखापालन कृषक पाठशालामा गरिने तुलनात्मक अध्ययन परीक्षण र सहायक अध्ययन परीक्षण | | १ |
| | २ | बाखाहरूमा लाग्ने मुख्य रोगहरू (पीपीआर, छमासे, परजीवि र बाँझोपन) र यिनको व्यवस्थापन | | १ |
| | ३ | बाखाहरूमा लाग्ने मुख्य रोगहरू (पीपीआर, छमासे, परजीवि र बाँझोपन) र यिनको व्यवस्थापन | | १ |
| | ४ | पर्यावरणीय प्रणाली विश्लेषण र खाद्य शृङ्खलाको अवधारणा | १ | |
| ५ | १ | बाखा पर्यावरणीय प्रणाली विश्लेषण र खाद्य शृङ्खलाको अवधारणा | | १ |
| | २ | बाखा पर्यावरणीय प्रणाली विश्लेषण | १ | |
| | ३ | बाखा पर्यावरणीय प्रणाली विश्लेषण मापदण्ड, फर्मेट | | १ |
| | ४ | बाखा पर्यावरणीय प्रणाली विश्लेषण फिल्ड अभ्यास | | १ |
| ६ | १ | बाखा पर्यावरणीय प्रणाली विश्लेषण फिल्ड अभ्यास तयारी प्रस्तुति | | १ |
| | २ | बाखाको खोर सुधार | | १ |
| | ३ | बाखाहरूको आहारा तथा दाना व्यवस्थापन | १ | |
| | ४ | बाखाहरूको आहारा तथा दाना व्यवस्थापन | | १ |
| ७ | १ | बाखाहरूको वृद्धि विकासको अवस्था र तिनीहरूको व्यवस्थापन | १ | |
| | २ | बाखाहरूको वृद्धि विकासको अवस्था र तिनीहरूको व्यवस्थापन | | १ |
| | ३ | बाखापालन कृषक पाठशाला सञ्चालन तथा तालिम व्यवस्थापन सहजीकरण | १ | |
| | ४ | कार्यक्रम कार्यान्वयनको सिलसिलामा वातावरणीय एवं सामाजिक सुरक्षणमा ध्यान दिनुपर्ने पक्षहरू | १ | |
| ८ | | फिल्ड अवलोकन भ्रमण (मामिला अध्ययन) | | ४ |

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| ९ | १ | कुशल सहजकर्तामा हुनुपर्ने गुणहरू र सहजीकरणका लागि अपनाउनुपर्ने सीपहरू | १ | |
| | २ | कुशल सहजकर्तामा हुनुपर्ने गुणहरू र सहजीकरणका लागि अपनाउनुपर्ने सीपहरू | | १ |
| | ३ | वृद्धि विकासको पात्रोअनुसार विषय विशेष शीर्षकको पहिचान | | १ |
| | ४ | वृद्धि विकासको पात्रोअनुसार विषय विशेष शीर्षकको पहिचान | | १ |
| १० | १ | खाद्य उपलब्धता, खाने आनीवानी विश्लेषण तथा पोषण सुरक्षा | १ | |
| | २ | पोषणसम्वन्धी अभ्यास | | १ |
| | ३ | विशेष कक्षा छनोट | १ | |
| | ४ | मतपेटिका परीक्षा (आवश्यक सामग्री, तरिका र तयारी) | १ | |
| ११ | १ | मतपेटिका परीक्षा (आवश्यक सामग्री, तरिका र तयारी) | | १ |
| | २ | बाखापालन कृषक पाठशालाको पाठयोजना तयारी । | १ | |
| | ३ | बाखापालन कृषक पाठशालाको पाठयोजना तयारी । | | १ |
| | ४ | कृषक दिवस तयारी, सञ्चालन तथा प्रविधि प्रसार एवं कृषकको सिकाइ । | १ | |
| १२ | १ | जलवायुमैत्री प्रविधिहरू | १ | |
| | २ | जलवायुमैत्री प्रविधिहरू अभ्यास | | १ |
| | ३ | बाखा उत्पादनोपरान्तको व्यवस्थापन | १ | |
| | ४ | कार्यक्रम कार्यान्वयनको सिलसिलामा वातावरणीय तथा सामाजिक सुरक्षामा र वातावरणमैत्री पशुपालन प्रणालीमा ध्यान दिनुपर्ने पक्षहरू | १ | |
| १३ | १ | कार्यक्रम कार्यान्वयनको सिलसिलामा वातावरणीय तथा सामाजिक सुरक्षा र वातावरणमैत्री पशुपालन प्रणालीमा ध्यान दिनुपर्ने पक्षहरू | | १ |
| | २ | कृषक पाठशालाको अनुगमन, अनुगमन फाराम, यसका | १ | |

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | | चेकलिस्टहरू | | |
| | ३ | कृषक पाठशालाको अनुगमन, अनुगमन फाराम, यसका चेकलिस्टहरू | | १ |
| | ४ | असल कृषक पाठशालाका सूचकहरू | १ | |
| १४ | १ | असल कृषक पाठशालाका सूचकहरू | | १ |
| | २ | अर्को सिजन/वर्षको लागि योजना तर्जुमा | | १ |
| | ३ | तालिम पश्चात्को परीक्षा संचालन (अन्तिम परीक्षा) र अन्तिम मूल्याङ्कन | | १ |
| | ४ | तालिम कार्यक्रमको समापन | १ | |
| जम्मा | | | २३ | ३३ |

पुनश्चः

१. प्रत्येक दिनको तालिम सुरु हुनुभन्दा पहिले अघिल्लो दिनको तालिममा गरिएका क्रियाकलापहरूका बारेमा संस्मरण गराई तालिमका लागि उपयुक्त हुने वातावरणको सिर्जना गरिनुपर्दछ ।

२. आवश्यकताअनुसार तालिमका सत्रहरूका बीचबीचमा समूह गतिशीलताका अभ्यासहरू पनि राख्दै जानुपर्दछ ।

३. यो तालिममा भाग लिई सफलता प्राप्त गरेपछि पुनर्ताजगी तालिम लिनका लागि प्रत्येक सहभागीले कम्तीमा एउटा कृषक पाठशालाको पूर्ण रूपमा सञ्चालन गरेको हुनुपर्दछ । यसरी यो दुई हप्ताको प्रारम्भिक तालिम लिएर एक पूर्ण रूपको कृषक पाठशाला सञ्चालन गरी पुनर्ताजगी तालिम लिएपछि मात्र त्यस्ता प्रशिक्षार्थीहरूलाई कृषक पाठशालाको प्रशिक्षकको रूपमा मान्यता प्राप्त हुने प्रमाणपत्र उपलब्ध गराइनेछ ।

## (च) कुखुरापालन कृषक पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरुका लागि प्रशिक्षक प्रशिक्षण तालिमको पाठ्यक्रम

### १. आयोजनाको परिचय

नेपाल सरकार र आई.डी.ए. (विश्व बैंक) बीच सन् २०१८ नोभेम्बर १४ मा भएको सम्झौता अनुसार खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (Food and Nutrition Security Enhancement Project - FANSEP) गोरखाको गण्डकी र बारपाक सुलीकोट, धादिङ्गको गजुरी र बेनीघाट रोराङ, सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको तामाकोसी र कालिन्चोक, महोत्तरीको एकडारा र पिपरा, धनुषाको धनौजी र मुखियापट्टी मुसहरनिया, सिराहाको औरही र बरियारपट्टी तथा सप्तरीको विष्णुपुर र राजगढ गाउँपालिकाहरूमा सञ्चालनमा आएको छ । यस आयोजनाको सम्भाग "क" (Component A) अन्तर्गत विभिन्न अवधिका बाली उत्पादन कृषक पाठशाला, कुखुरापालन कृषक पाठशाला, बाख्रापालन कृषक पाठशाला, दूध उत्पादन कृषक पाठशाला, सम्भाग ख (Component B) अन्तर्गत कृषि व्यवसाय पाठशाला र सम्भाग ग (Component C) अन्तर्गत पोषण पाठशालाहरूको माध्यमबाट आयोजनाको लक्षित वर्गमा उन्नत प्रविधि तथा अभ्यासहरूबारे ज्ञान, सीप र चेतनाको अभिवृद्धि गरी कृषि तथा पशुपन्छीजन्य उत्पादकत्व वृद्धि तथा समुदायको पोषण अवस्थामा सुधार ल्याउनु रहेको छ ।

कृषक पाठशालाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न पाठशाला सहजकर्ताहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । आयोजनाबाट प्रशिक्षित सहजकर्ताहरू (प्राविधिक वा कृषक सहजकर्ता) ले पशुपन्छीपालन कृषक पाठशाला सञ्चालन कार्यविधि, २०७७ अनुसार गाउँपालिकास्तरमा सञ्चालन हुने कृषक पाठशालाको सत्र सहजीकरण, पाठशाला सञ्चालन, अनुगमन र पृष्ठपोषण गर्नेछन । सहजकर्ताहरूमा कुखुरापालन कृषक पाठशाला सहजीकरण सहयोगी पुस्तिका (म्यानुयल) मा समेटिएका विषयवस्तुहरूलाई कुशल ढङ्गबाट सहजीकरण गर्ने दक्षता विकास गर्ने गरी यो पाठ्यक्रम तयार गरिएको छ ।

### २. पाठ्यक्रम विवरण

कृषक पाठशाला मूलतः व्यावहारिक ज्ञान, सीप हासिल गर्ने थलो भएकाले यस तालिम पाठ्यक्रम विषय विशेषज्ञहरूलाई संलग्न गराई पशुपन्छीपालन कृषक पाठशाला सञ्चालन कार्यविधि, २०७७ र कुखुरापालन कृषक पाठशाला सहजीकरण सहयोगी पुस्तिका (म्यानुयल) सँग तालमेल हुने गरी तय गरिएको छ । कुखुरापालन कृषक पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरुका लागि प्रशिक्षक प्रशिक्षण तालिमको स्वीकृत पाठ्यक्रम तल तालिकामा दिइएको छ ।

## ३. तालिमको उद्देश्य

यस तालिमको मुख्य उद्देश्य आयोजना लागू भएका गाउँपालिकाहरूमा सञ्चालन हुने कुखुरापालन कृषक पाठशाला प्रभावकारी रुपमा सञ्चालन गर्न सहजकर्ताहरू तयार गर्नु रहेको छ । तालिमका विशेष उद्देश्यहरू देहायअनुसार रहेका छन् ।

- कुखुरापालन कृषक पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरूको दक्षता अभिवृद्धि गर्ने ।
- समय सन्दर्भ र स्थानीय वस्तुस्थिति अनुसार कुखुरापालन कृषक पाठशालाको विषयवस्तु, पाठयोजना तयारी र सञ्चालन विधिलाई प्रभावकारी रुपले सहजीकरण गर्न सहजकर्ताहरूलाई सक्षम बनाउने ।
- गाउँपालिकास्तरमा सञ्चालन हुने कुखुरापालन कृषक पाठशालाको नियमित रुपमा अनुगमन, रिपोर्टिङ र पृष्ठपोषणका लागि सहजकर्ताहरूलाई सक्षम बनाउने ।

## ४. तालिम सञ्चालन प्रक्रिया र विधि

सहजकर्ताहरूको प्रशिक्षक प्रशिक्षण तालिमको अवधि १४ दिनको हुनेछ । आयोजनाले छनौट गरेको उपयुक्त स्थानमा आवासीय रुपमा तालिम सञ्चालन गरिनेछ । प्रत्येक दिन जम्मा चारवटा सत्रहरू सञ्चालन गरिनेछ र सामान्यतया प्रत्येक सत्र १ घण्टा ४५ मिनेटको हुनेछ ।

तालिममा पूर्व मूल्याङ्कन, कार्यपत्र प्रस्तुति, छलफल, मस्तिष्क मन्थन, सफलताका पक्षहरूको छलफल, फिल्ड अभ्यास, समूहकार्य एवं प्रस्तुति, प्रश्नोत्तर, सामूहिक छलफल, स्थान विशेषका योजना तयारीका अभ्यास, समकक्षीहरूबाट समीक्षा र अनुगमन, स्थलगत अध्ययन भ्रमण, सन्दर्भ हेरी सिकाइ साटासाट, कार्ययोजनाको प्रस्तुति, तालिम पश्चातका अन्तिम मूल्याङ्कन आदि विधिहरू प्रयोग गरिनेछ । प्रशिक्षक प्रशिक्षण तालिम सफलतापूर्वक सम्पन्न गरेका सहजकर्ताहरूलाई कुखुरापालन कृषक पाठशाला सञ्चालन कार्यमा लगाईनेछ ।

## ५. तालिमका सहभागीहरू

आयोजना क्षेत्रका गाउँपालिकाहरूमा कार्यरत आयोजनाका पशु सेवा प्राविधिकहरू, आयोजना व्यवस्थापन इकाई, आयोजना क्लष्टर इकाईमा कार्यरत प्राविधिकहरू मध्येबाट सहभागीको छनौट गरिनेछ । त्यस्तै विगतमा कुखुरापालन कृषक पाठशालामा सहभागी कृषकहरू मध्येबाट पनि सहभागीको छनौट गरिनेछ ।

## ६. अपेक्षित उपलब्धि

यस तालिमबाट कुखुरापालन कृषक पाठशाला सञ्चालनको लागि योग्य सहजकर्ताहरू तयार हुनेछन । ती सहजकर्ताहरू गाउँपालिकास्तरमा सञ्चालन हुने कृषक पाठशालाको सहजीकरण, अनुगमन, रिपोर्टिङ र पृष्ठपोषण गर्न पूर्ण सक्षम हुनेछन ।

# कुखुरापालन कृषक पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरुका लागि प्रशिक्षक प्रशिक्षण तालिमको पाठ्यक्रम

अवधिः १४ दिन
प्रतिदिन सेसन संख्याः ४
प्रतिसेसन समयः १ घण्टा ४५ मिनेट

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| १ | १ | सहभागीहरूको उपस्थिति दर्ता, परिचय, तालिमको उद्देश्य र तालिमको उदघाटन | १ | |
| | २ | सहभागीहरूको समूह विभाजन, समूहहरूको नामाकरण र तालिम अवधिभरका लागि नीतिनियम तथा आचारसंहिता तयार र तालिमपूर्वको परीक्षा संचालन | | १ |
| | ३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबारे जानकारी । | १ | |
| | ४ | कुखुरापालन कृषक पाठशालाको अवधारणा तथा विशेषता<br>अन्य तालिम तथा कृषक पाठशालाबीच भिन्नता<br>कृषक पाठशाला सञ्चालनका लागि गर्नुपर्ने पूर्वतयारी तथा यसका विभिन्न चरणहरू | १ | |
| २ | १ | कुखुरापालन कृषक पाठशालाको तयारी बैठक १ | | १ |
| | २ | कुखुरापालन कृषक पाठशालाको तयारी बैठक २ | | १ |
| | ३ | कुखुराको वृद्धि विकासको पात्रो तयारी र मौसमी पात्रो तयारी । | १ | |
| | ४ | कुखुराको वृद्धि विकास र मौसमी पात्रो तयारी (फिल्ड अभ्यास)। | | १ |
| ३ | १ | कुखुराको वृद्धि विकास र मौसमी पात्रो तयारी (फिल्ड अभ्यास ) । | | १ |
| | २ | उपसमूहमा तयार गरिएको विवरण तथा मौसमी पात्रोको समूहमा प्रस्तुतीकरण, फिल्ड अध्ययनबाट सङ्कलित तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण । | | १ |
| | ३ | खोप तयार र खोप लगाउने विधि । | | १ |

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | ४ | कुखुरापालन कृषक पाठशालामा तुलनात्मक अध्ययन परीक्षण र सहायक अध्ययन परीक्षण । | १ | |
| ४ | १ | कुखुरापालन कृषक पाठशालामा गरिने तुलनात्मक अध्ययन परीक्षण र सहायक अध्ययन परीक्षण । | | १ |
| | २ | कुखुरापालन कृषक पाठशालामा गरिने तुलनात्मक अध्ययन परीक्षण र सहायक अध्ययन परीक्षण । | | १ |
| | ३ | कुखुराका प्रमुख रोगहरू (रानीखेत, गम्बारो, बिफर आदिसमेत) र तिनको व्यवस्थापन । | | १ |
| | ४ | पर्यावरणीय प्रणाली विश्लेषण र खाद्य शृङ्खलाको अवधारणा । | १ | |
| ५ | १ | पर्यावरणीय प्रणाली विश्लेषण र खाद्य शृङ्खलाको अवधारणा । | | १ |
| | २ | कुखुरापालन पर्यावरणीय प्रणाली विश्लेषण । | १ | |
| | ३ | कुखुरापालन पर्यावरणीय प्रणाली विश्लेषण मापदण्ड, फर्मेट । | | १ |
| | ४ | कुखुरापालन पर्यावरणीय प्रणाली विश्लेषण फिल्ड अभ्यास । | | १ |
| ६ | १ | कुखुरापालन पर्यावरणीय प्रणाली विश्लेषण फिल्ड अभ्यास तयारी प्रस्तुति । | | १ |
| | २ | कुखुराको खोर व्यवस्थापन र जैविक सुरक्षा । | | १ |
| | ३ | कुखुरापालनको लागि दाना व्यवस्थापन । | १ | |
| | ४ | कुखुरापालनको लागि दाना व्यवस्थापन । | | १ |
| ७ | १ | कुखुराहरूको वृद्धि विकासको अवस्था र तिनीहरूको व्यवस्थापन । | १ | |
| | २ | कुखुराहरूको वृद्धि विकासको अवस्था र तिनीहरूको व्यवस्थापन । | | १ |
| | ३ | कुखुरापालन कृषक पाठशाला सञ्चालन तथा तालिम व्यवस्थापन सहजीकरण । | १ | |
| | ४ | कार्यक्रम कार्यान्वयनको सिलसिलामा वातावरणीय एवं सामाजिक सुरक्षणमा ध्यान दिनुपर्ने पक्षहरू । | १ | |
| ८ | | फिल्ड अवलोकन भ्रमण (मामिला अध्ययन) । | | ४ |
| ९ | १ | कुशल सहजकर्तामा हुनुपर्ने गुणहरू र सहजीकरणका लागि | १ | |

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | | अपनाउनुपर्ने सीपहरू । | | |
| | २ | कुशल सहजकर्तामा हुनुपर्ने गुणहरू र सहजीकरणका लागि अपनाउनुपर्ने सीपहरू | | १ |
| | ३ | वृद्धि विकासको पात्रोअनुसार विषय विशेष शीर्षकको पहिचान | | १ |
| | ४ | वृद्धि विकासको पात्रोअनुसार विषय विशेष शीर्षकको पहिचान | | १ |
| १० | १ | खाद्य उपलब्धता, खाने आनीबानी विश्लेषण तथा पोषण सुरक्षा | १ | |
| | २ | पोषणसम्बन्धी अभ्यास | | १ |
| | ३ | विशेष कक्षा छनोट | १ | |
| | ४ | मतपेटिका परीक्षा (आवश्यक सामग्री, तरिका र तयारी) | १ | |
| ११ | १ | मतपेटिका परीक्षा (आवश्यक सामग्री, तरिका र तयारी) | | १ |
| | २ | कुखुरापालन कृषक पाठशालाको पाठयोजना तयारी । | १ | |
| | ३ | कुखुराको प्रजनन व्यवस्थापन तथा ब्रुडिङ । | | १ |
| | ४ | कृषक दिवस तयारी, सञ्चालन तथा प्रविधि प्रसार एवं कृषकको सिकाइ । | १ | |
| १२ | १ | जलवायुमैत्री प्रविधिहरू | १ | |
| | २ | जलवायुमैत्री प्रविधिहरू अभ्यास | | १ |
| | ३ | कुखुरा उत्पादनोपरान्तको व्यवस्थापन | १ | |
| | ४ | कार्यक्रम कार्यान्वयनको सिलसिलामा वातावरणीय तथा सामाजिक सुरक्षामा र वातावरणमैत्री कुखुरापालन प्रणालीमा ध्यान दिनुपर्ने पक्षहरू । | १ | |
| १३ | १ | कार्यक्रम कार्यान्वयनको सिलसिलामा वातावरणीय तथा सामाजिक सुरक्षामा र वातावरणमैत्री कुखुरापालन प्रणालीमा ध्यान दिनुपर्ने पक्षहरू । | | १ |
| | २ | कुखुरापालन कृषक पाठशालाको अनुगमन, अनुगमन फाराम, यसका चेकलिस्टहरू । | १ | |
| | ३ | कुखुरापालन कृषक पाठशालाको अनुगमन, अनुगमन फाराम, यसका चेकलिस्टहरू । | | १ |
| | ४ | असल कृषक पाठशालाका सूचकहरू । | १ | |

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| १४ | १ | असल कृषक पाठशालाका सूचकहरू । | | १ |
| | २ | अर्को सिजन/वर्षका लागि योजना तर्जुमा | | १ |
| | ३ | तालिमपश्चात्को परीक्षा संचालन (अन्तिम परीक्षा) र अन्तिम मूल्याङ्कन | | १ |
| | ४ | तालिम कार्यक्रमको समापन । | १ | |
| जम्मा | | | २३ | ३३ |

पुनश्चः

१ प्रत्येक दिनको तालिम सुरु हुनुभन्दा पहिले अघिल्लो दिनको तालिममा गरिएका क्रियाकलापहरूका बारेमा संस्मरण गराई तालिमका लागि उपयुक्त हुने वातावरणको सिर्जना गरिनुपर्दछ ।

२ आवश्यकता अनुसार तालिमका सत्रहरूका बीचबीचमा समूह गतिशीलताका अभ्यासहरू पनि राख्दै जानुपर्दछ ।

३ यो तालिममा भाग लिई सफलता प्राप्त गरेपछि पुनर्ताजगी तालिम लिनका लागि प्रत्येक सहभागिले कम्तीमा एउटा कृषक पाठशाला पूर्ण रुपमा सञ्चालन गरेको हुनुपर्दछ । यसरी यो २ हप्ताको प्रारम्भिक तालिम लिएर, एक पूर्ण रुपको कृषक पाठशाला सञ्चालन गरी पुनर्ताजगी तालिम लिएपछि मात्र त्यस्ता प्रशिक्षार्थीहरूलाई कृषक पाठशालाको प्रशिक्षकको रुपमा मान्यता प्राप्त हुने प्रमाणपत्र उपलब्ध गराइनेछ ।

## (छ) पोषण पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरूका लागि प्रशिक्षक प्रशिक्षण तालिमको पाठ्यक्रम

### १. आयोजनाको परिचय

नेपाल सरकार र आई.डी.ए. (विश्व बैंक) बीच सन् २०१८ नोभेम्बर १४ मा भएको सम्झौता अनुसार खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (Food and Nutrition Security Enhancement Project - FANSEP) गोरखाको गण्डकी र बारपाक सुलीकोट, धादिङ्गको गजुरी र बेनीघाट रोराङ, सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको तामाकोसी र कालिन्चोक, महोत्तरीको एकडारा र पिपरा, धनुषाको धनौजी र मुखियापट्टी मुसहरनिया, सिराहाको औरही र बरियारपट्टी तथा सप्तरीको विष्णुपुर र राजगढ गाउँपालिकाहरूमा सञ्चालनमा आएको छ । यस आयोजनाको सम्भाग "क" (Component A) अन्तर्गत विभिन्न अवधिका बाली उत्पादन कृषक पाठशाला, कुखुरापालन कृषक पाठशाला, बाख्रापालन कृषक पाठशाला, दूध उत्पादन कृषक पाठशाला, सम्भाग ख (Component B) अन्तर्गत कृषि व्यवसाय पाठशाला र सम्भाग ग (Component C) अन्तर्गत पोषण पाठशालाहरूको माध्यमबाट आयोजनाको लक्षित वर्गमा उन्नत प्रविधि तथा अभ्यासहरूबारे ज्ञान, सीप र चेतनाको अभिवृद्धि गरी कृषि तथा पशुपन्छीजन्य उत्पादकत्व वृद्धि तथा समुदायको पोषण अवस्थामा सुधार ल्याउनु रहेको छ ।

पोषण पाठशालाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न पाठशाला सहजकर्ताहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । आयोजनाबाट प्रशिक्षित सहजकर्ताहरू (प्राविधिक सहजकर्ता वा महिला स्वास्थ्य स्वयंसेविकाहरू वा स्वास्थ्य आमा समूहका सदस्यहरू) ले पोषण पाठशाला सञ्चालन कार्यविधि, २०७७ अनुसार गाउँपालिकास्तरमा सञ्चालन हुने पोषण पाठशालाको सत्र सहजीकरण, पाठशाला सञ्चालन, अनुगमन र पृष्ठपोषण गर्नेछन । सहजकर्ताहरूमा पोषण पाठशाला सहजीकरण सहयोगी पुस्तिका (म्यानुयल) मा समेटिएका विषयवस्तुहरूलाई कुशल ढङ्गबाट सहजीकरण गर्ने दक्षता विकास गर्ने गरी यो पाठ्यक्रम तयार गरिएको छ ।

### २. पाठ्यक्रम विवरण

पोषण पाठशाला मूलतः व्यावहारिक ज्ञान, सीप हासिल गर्ने थलो भएकोले यस तालिम पाठ्यक्रम विषय विशेषज्ञहरूलाई संलग्न गराई पोषण पाठशाला सञ्चालन कार्यविधि, २०७७ र पोषण पाठशाला सहजीकरण सहयोगी पुस्तिका (म्यानुयल) सँग तालमेल हुने गरी तय गरिएको छ । पोषण पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरूका लागि प्रशिक्षक प्रशिक्षण तालिमको स्वीकृत पाठ्यक्रम तल तालिकामा दिइएको छ ।

## ३. तालिमको उद्देश्य

यस तालिमको मुख्य उद्देश्य आयोजना लागू भएका गाउँपालिकाहरूमा सञ्चालन हुने पोषण पाठशाला प्रभावकारी रूपमा सञ्चालन गर्न सहजकर्ताहरू (महिला स्वास्थ्य स्वयंसेविकाहरू/ स्वास्थ्य आमा समूहका सदस्यहरू) को क्षमता अभिवृद्धि गर्नु रहेको छ ।

तालिमका निर्दिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्–

- समयसन्दर्भ र स्थानीय वस्तुस्थितिअनुसार पोषण पाठशालाको विषयवस्तु, पाठयोजना तयारी र सञ्चालन विधिलाई प्रभावकारी रूपले सहजीकरण गर्न सहजकर्ताहरूलाई सक्षम बनाउने ।
- खाद्यमा आधारित पोषण अवस्था सुधारका विभिन्न उपाय तथा स्थानीय तहमा उत्पादन र उपलब्ध हुने खाद्यान्नहरूमा पाइने पौष्टिक तत्त्वका बारेमा जानकारी गराउने ।
- गाउँपालिका स्तरमा सञ्चालन हुने पोषण पाठशालाको नियमित रूपमा अनुगमन, रिपोर्टिङ र पृष्ठपोषणका लागि सहजकर्ताहरूलाई सक्षम बनाउने ।

## ४. तालिम सञ्चालन प्रक्रिया र विधि

सहजकर्ताहरूको प्रशिक्षक प्रशिक्षण तालिमको अवधि १४ दिनको हुनेछ । आयोजनाले छनौट गरेको उपयुक्त स्थानमा आवासीय रूपमा तालिम सञ्चालन गरिनेछ । प्रत्येक दिन जम्मा चारवटा सत्रहरू सञ्चालन गरिनेछ र सामान्यतया प्रत्येक सत्र १ घण्टा ४५ मिनेटको हुनेछ ।

तालिममा पूर्व मूल्याङ्कन, कार्यपत्र प्रस्तुति, छलफल, मस्तिष्क मन्थन, सफलताका पक्षहरूको छलफल, फिल्ड अभ्यास, समूह कार्य एवं प्रस्तुति, प्रश्नोत्तर, सामूहिक छलफल, स्थान विशेषका योजना तयारीका अभ्यास, समकक्षीहरूबाट समीक्षा र अनुगमन, स्थलगत अध्ययन भ्रमण, सन्दर्भ हेरी सिकाइ साटासाट, कार्य योजनाको प्रस्तुति, सूक्ष्म शिक्षण अभ्यास, तालिम पश्चातका अन्तिम मूल्याङ्कन आदि विधिहरू प्रयोग गरिनेछ । प्रशिक्षक प्रशिक्षण तालिम सफलतापूर्वक सम्पन्न गरेका सहजकर्ताहरूलाई पोषण पाठशाला सञ्चालन गर्ने कार्यमा संलग्न गराइनेछ ।

## ५. तालिमका सहभागीहरू

आयोजना क्षेत्रका गाउँपालिकाहरूमा कार्यरत प्राविधिकहरू, आयोजना व्यवस्थापन इकाई, आयोजना क्लस्टर इकाईमा कार्यरत प्राविधिकहरू मध्येबाट सहभागीको छनौट गरिनेछ । साथै आयोजना क्षेत्रका गाउँपालिकाहरूका महिला स्वास्थ्य स्वयंसेविकाहरू/स्वास्थ्य आमा समूहका सदस्यहरू मध्येबाट सहभागीहरूको छनौट गरिनेछ ।

## ६. अपेक्षित उपलब्धि

पोषण पाठशाला सञ्चालनका लागि योग्य सहजकर्ताहरू तयार हुनेछन । तालिम सफलतापूर्वक सम्पन्न गरेका प्राविधिकहरू र सहजकर्ताहरू दुवै पालिकास्तरमा सञ्चालन हुने पोषण पाठशालाको सहजीकरण, अनुगमन, रिपोर्टिङ र पृषठपोषण गर्न सक्षम हुनेछन ।

# पोषण पाठशाला सञ्चालन गर्ने सहजकर्ता प्रशिक्षकहरूका लागि प्रशिक्षक प्रशिक्षण तालिमको पाठ्यक्रम

अवधिः १४ दिन

प्रतिदिन सेसन संख्याः ४

प्रतिसेसन समयः १ घण्टा ४५ मिनेट

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| १ | १ | सहभागीहरूको उपस्थिति दर्ता, परिचय, तालिमको उद्देश्य र तालिमको उद्‌घाटन | १ | |
| | २ | सहभागीहरूको समूह विभाजन, समूहहरूको नामाकरण र तालिम अवधिभरका लागि नीतिनियम तथा आचारसंहिता तयार, तालिमपूर्वको परीक्षा | | १ |
| | ३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबारे परिचय | १ | |
| | ४ | पोषण पाठशालाको अवधारणा, विशेषता<br>अन्य तालिम र पोषण पाठशालामा भिन्नता<br>पोषण पाठशाला सञ्चालनका लागि गर्नुपर्ने पूर्वतयारी तथा यसका विभिन्न चरणहरू | १ | |
| २ | १ | पोषण पाठशालाको तयारी बैठक १, २ र ३ | १ | |
| | २ | पोषण पात्रो तयारी (स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नहरूको मौसमी पात्रो तयार, खाद्यान्नको उपलब्धता वा पहुँच र उपभोगमा समुदायका चलनहरू) अभ्यास | १ | |
| | ३ | पोषण पात्रो तयारी (स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्नहरूको मौसमी पात्रो तयार, खाद्यान्नको उपलब्धता वा पहुँच र उपभोगमा समुदायका चलनहरू) अभ्यास | १ | |
| | ४ | अध्ययन परीक्षण (तुलनात्मक तथा सहयोगी ) | १ | |
| ३ | १ | पोषण प्रणाली विश्लेषण (Nutrition System Analysis - NSA) प्रक्रिया | १ | |
| | २ | पोषण प्रणाली विश्लेषण (Nutrition System Analysis - NSA) तयारीका लागि अभ्यास, अध्ययन। | | १ |
| | ३ | पोषण प्रणाली विश्लेषण (Nutrition System Analysis - NSA) तयारीका लागि अभ्यास, फिल्ड अध्ययनबाट सङ्कलित तथ्याङ्कको विश्लेषण र समूहमा प्रस्तुतीकरण । | | १ |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन
२०७५

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | ४ | राष्ट्रिय र स्थानीय तहमा पोषणको अवधारणा र अवस्था | १ | |
| ४ | १ | पोषण र यसको महत्त्व<br>कुपोषण, यसको वर्गीकरण, चक्र र नकारात्मक असरहरू | १ | |
| | २ | - स्थानीय स्तरमा उपलब्ध खाद्यान्न, तरकारी, फलफूल र पशुपन्छीहरूको महत्त्व र विवरण<br>- खाद्यान्न उत्पादनपछिको व्यवस्थापन, भण्डारण तथा संरक्षण | | १ |
| | ३ | खाद्य प्रशोधन तथा सञ्चय | १ | |
| | ४ | खाद्य सुरक्षाको अवधारणा र महत्त्व | १ | |
| ५ | १ | खाद्य स्वच्छता तथा सरसफाइ<br>फारम नं. ७ खाद्य स्वच्छतामा अभ्यास | | १ |
| | २ | खाद्य उपलब्धता तथा खानपानको विद्यमान आनीबानी विश्लेषण | | १ |
| | ३ | खानपानसम्बन्धी रितिरिवाज तथा अन्धविश्वास र मुख्य मुख्य समस्याहरू | | १ |
| | ४ | पोषण पाठशालामा सामाजिक तथा वातावरणीय सुरक्षामा ध्यान दिनुपर्ने कुराहरू | १ | |
| ६ | १ | - नेपालीका लागि सिफारिस गरिएको खानाको मात्रा<br>- नेपालीहरूका लागि असल खानपानसम्वन्धी मार्गदर्शन | १ | |
| | २ | - खाद्य विविधीकरण : हरेक बार खाना चार<br>- स्थानीय पोषणयुक्त खानाको परिचय र महत्त्व | १ | |
| | ३ | - पोषण बगैंचा स्थापना र पोषणयुक्त तरकारी र फलफूल उत्पादन र बाली पात्रो<br>- पोषण संवेदनशील कृषि र पोषणयुक्त खाना | | १ |
| | ४ | मातृपोषण र स्याहार<br>- मातृपोषणका लागि पौष्टिक खाद्य पदार्थ र महत्त्व<br>- गर्भावस्था तथा सुत्केरी अवस्थामा लिइने अत्यावश्यक स्वास्थ्य सेवाहरू | १ | |
| ७ | १ | रक्तअल्पता रोकथाम (खाद्यमा आधारित) र जुकाको सङ्क्रमण रोकथाम | १ | |
| | २ | स्तनपानको परिचय, महत्त्व र सिफारिस गरिएका व्यवहारहरू | | १ |
| | ३ | ६-२३ महिनाका वालबालिकाहरूका लागि पूरक वा थप | | १ |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन
२०७५

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | | खानाको सिफारिस गरिएका खानपानसम्बन्धी व्यवहारहरू | | |
| | ४ | वृद्धि अनुगमन तथा प्रवर्द्धनको परिचय र महत्त्व | १ | |
| ८ | | फिल्ड अवलोकन भ्रमण (मामिला अध्ययन) | | ४ |
| ९ | १ | वृद्धि अनुगमन तथा प्रवर्द्धनमा बालबालिकाहरूको पोषण लेखाजोखा (उचाइ, तौल र पाखुराको मध्यभागको परिधिको नाप लिने तरिका) | | १ |
| | २ | खोपको महत्त्व र तालिका<br>बिरामी बालबालिकाको खाना र हेरचाह गर्ने तरिका | १ | |
| | ३ | किशोरवस्थाको पोषणमा सिफारिस गरिएका व्यवहार तथा महत्त्व | १ | |
| | ४ | पोषणयुक्त खाद्य परिकार तयारी तथा प्रदर्शनी | १ | |
| १० | १ | पोषणयुक्त खाद्य परिकार तयारी तथा प्रदर्शनी | | १ |
| | २ | खानेपानी, सरसफाइ र स्वच्छता लागि गरिने अत्यावश्यक कार्य | | १ |
| | ३ | सामुदायिक स्वास्थ्य सेवाहरूमा मातृ, शिशु तथा बाल्यकालीन पोषण | १ | |
| | ४ | आपत्कालीन अवस्थाको परिचय, पहिचान तथा मातृ, शिशु तथा बाल्यकालीन पोषण | १ | |
| ११ | १ | सामाजिक व्यवहार परिवर्तन सञ्चारको परिचय, महत्त्व, चरण र तरिकाहरू | १ | |
| | २ | अन्तर व्यक्ति सञ्चार/परामर्शको तरिका अभ्यास | | १ |
| | ३ | सहजकर्ताहरूको भूमिका:<br>कुशल सहजकर्तामा हुनुपर्ने गुणहरू<br>सहजीकरण विधि | १ | |
| | ४ | तालिम पूर्व, मध्य र अन्तिम परीक्षण | | १ |
| १२ | १ | पाठयोजनाको आधारभूत खाका र निर्माण<br>(विशेष कक्षा छनोट) | १ | |
| | २ | पोषण दिवस सञ्चालन<br>पोषण प्रतिफल विश्लेषण | १ | |
| | ३ | सूक्ष्म शिक्षण अभ्यास | | १ |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन
२०७५

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | ४ | सूक्ष्म शिक्षण अभ्यास | | १ |
| १३ | १ | सूक्ष्म शिक्षण अभ्यास | | १ |
| | २ | सूक्ष्म शिक्षण अभ्यास | | १ |
| | ३ | सूक्ष्म शिक्षण अभ्यास | | १ |
| | ४ | सूक्ष्म शिक्षण अभ्यास | | १ |
| १४ | १ | सूक्ष्म शिक्षण अभ्यास | | १ |
| | २ | अभिलेख र प्रतिवेदन | १ | |
| | ३ | तालिम पश्चात्को परीक्षा संचालन (अन्तिम परीक्षा) र अन्तिम मूल्याङ्कन | | १ |
| | ४ | तालिम समापन | १ | |
| जम्मा | | | २८ | २८ |

पुनश्चः

१. प्रत्येक दिनको तालिम सुरु हुनुभन्दा पहिले अघिल्लो दिनको तालिममा गरिएका क्रियाकलापहरूका बारेमा संस्मरण गराउन उपयुक्त हुने वातावरणको सिर्जना गरिनुपर्दछ ।

२. आवश्यकता अनुसार तालिमका सत्रहरूका बीचबीचमा समूह गतिशीलताका अभ्यासहरू पनि राख्दै जानुपर्दछ ।

३. यो दुई हप्ताको तालिम लिएर एक पूर्ण रूपको पोषण पाठशाला सञ्चालन गरी सकेपछि मात्र त्यस्ता प्रशिक्षार्थीहरूलाई पोषण पाठशालाको प्रशिक्षकको रूपमा मान्यता प्राप्त हुने प्रमाणपत्र उपलब्ध गराइनेछ ।

## (ज) पोषण पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरूका लागि पुनर्ताजगी तालिमको पाठ्यक्रम

### १. आयोजनाको परिचय

नेपाल सरकार र आई.डी.ए. (विश्व बैंक) बीच सन् २०१८ नोभेम्बर १४ मा भएको सम्झौता अनुसार खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (Food and Nutrition Security Enhancement Project - FANSEP) गोरखाको गण्डकी र बारपाक सुलीकोट, धादिङ्गको गजुरी र बेनीघाट रोराङ, सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको तामाकोसी र कालिन्चोक, महोत्तरीको एकडारा र पिपरा, धनुषाको धनौजी र मुखियापट्टी मुसहरनिया, सिराहाको औरही र बरियारपट्टी तथा सप्तरीको विष्णुपुर र राजगढ गाउँपालिकाहरूमा सञ्चालनमा आएको छ । यस आयोजनाको सम्भाग "क" (Component A) अन्तर्गत विभिन्न अवधिका बाली उत्पादन कृषक पाठशाला, कुखुरापालन कृषक पाठशाला, बाख्रापालन कृषक पाठशाला, दूध उत्पादन कृषक पाठशाला, सम्भाग ख (Component B) अन्तर्गत कृषि व्यवसाय पाठशाला र सम्भाग ग (Component C) अन्तर्गत पोषण पाठशालाहरूको माध्यमबाट आयोजनाको लक्षित वर्गमा उन्नत प्रविधि तथा अभ्यासहरूबारे ज्ञान, सीप र चेतनाको अभिवृद्धि गरी कृषि तथा पशुपन्छीजन्य उत्पादकत्व वृद्धि तथा समुदायको पोषण अवस्थामा सुधार ल्याउनु रहेको छ ।

पोषण पाठशालाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न पाठशाला सहजकर्ताहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । आयोजनाबाट प्रशिक्षित सहजकर्ताहरू (प्राविधिक सहजकर्ता वा महिला स्वास्थ्य स्वयंसेविकाहरू वा स्वास्थ्य आमा समूहका सदस्यहरू) ले पोषण पाठशाला सञ्चालन कार्यविधि, २०७७ अनुसार गाउँपालिकास्तरमा सञ्चालन हुने पोषण पाठशालाको सत्र सहजीकरण, पाठशाला सञ्चालन, अनुगमन र पृष्ठपोषण गर्नेछन । सहजकर्ताहरूमा पोषण पाठशाला सहजीकरण सहयोगी पुस्तिका (म्यानुयल) मा समेटिएका विषयवस्तुहरूलाई कुशल ढङ्गबाट सहजीकरण गर्ने दक्षता विकास गर्ने गरी यो पाठ्यक्रम तयार गरिएको छ ।

### २. पाठ्यक्रम विवरण

पोषण पाठशाला मूलतः व्यावहारिक ज्ञान, सीप हासिल गर्ने थलो भएकोले यस तालिम पाठ्यक्रम विषय विशेषज्ञहरूलाई संलग्न गराई पोषण पाठशाला सञ्चालन कार्यविधि, २०७७ र पोषण पाठशाला सहजीकरण सहयोगी पुस्तिकाहरू (म्यानुयल) सँग तालमेल हुने गरी तय गरिएको छ । पोषण पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरूका लागि पुनर्ताजगी तालिमको स्वीकृत पाठ्यक्रम तल तालिकामा दिइएको छ ।

## ३. तालिमको उद्देश्य

यस पुनर्ताजगी तालिमको मुख्य उद्देश्य आयोजनाले सञ्चालन गरेका पोषण पाठशाला सहजीकरणमा संलग्न सहजकर्ताहरूलाई पोषण पाठशाला प्रभावकारी रूपमा सञ्चालन गर्न पुनर्ताजगी गरी दक्ष सहजकर्ताहरू तयार गर्नु रहेको छ ।

तालिमका विशेष उद्देश्यहरू देहायअनुसार रहेका छन्–

- समयसन्दर्भ र स्थानीय वस्तुस्थिति अनुसार पोषण पाठशालाको विषयवस्तु, पाठयोजना तयारी र सञ्चालन विधिलाई प्रभावकारी रूपले सहजीकरण गर्न सहजकर्ताहरूलाई सक्षम बनाउने ।
- पाठशालामा समाविष्ट नवीन प्रविधि, अभ्यास तथा प्रशिक्षण सीप सम्बन्धमा पुनर्ताजगी तथा परिष्कृत गर्ने ।
- गाउँपालिका स्तरमा सञ्चालन हुने पोषण पाठशालाको नियमित रूपमा अनुगमन, रिपोर्टिङ र पृष्ठपोषणका लागि सहजकर्ताहरूलाई सक्षम बनाउने ।

## ४. तालिम सञ्चालन प्रक्रिया र विधि

सहजकर्ताहरूको पुनर्ताजगी तालिमको अवधि ५ दिनको हुनेछ । आयोजनाले छनौट गरेको उपयुक्त स्थानमा आवासीय रूपमा तालिम सञ्चालन गरिनेछ । प्रत्येक दिन जम्मा चारवटा सत्रहरू सञ्चालन गरिनेछ र सामान्यतया प्रत्येक सत्र १ घण्टा ४५ मिनेटको हुनेछ ।

तालिममा पूर्व मूल्याङ्कन, कार्यपत्र प्रस्तुति, छलफल, मस्तिष्क मन्थन, सफलताका पक्षहरूको छलफल, फिल्ड अभ्यास, समूहकार्य एवं प्रस्तुति, प्रश्नोत्तर, सामूहिक छलफल, स्थान विशेषका योजना तयारीका अभ्यास, समकक्षीहरूबाट समीक्षा र अनुगमन, स्थलगत अध्ययन भ्रमण, सन्दर्भ हेरी सिकाइ साटासाट, कार्य योजनाको प्रस्तुति, तालिमपश्चातका अन्तिम मूल्याङ्कन आदि विधिहरू प्रयोग गरिनेछ । प्रशिक्षक प्रशिक्षण तालिम सफलतापूर्वक सम्पन्न गरेका सहजकर्ताहरूलाई पोषण पाठशाला सञ्चालन गर्ने कार्यमा लगाइनेछ ।

## ५. तालिमका सहभागीहरू

आयोजना क्षेत्रका गाउँपालिकामा आयोजनाले सञ्चालन गरेका पोषण पाठशाला सहजीकरणमा संलग्न आनुभवी सहजकर्ताहरू मध्येबाट छनौट गरिनेछ ।

## ६. अपेक्षित उपलब्धि

यस पुनर्ताजगी तालिमबाट पोषण पाठशाला सञ्चालनका लागि योग्य सहजकर्ताहरूको पुनर्ताजगी भई दक्षता अभिवृद्धि हुनेछ । ती सहजकर्ताहरू गाउँपालिका स्तरमा सञ्चालन हुने पोषण पाठशालाको सहजीकरण, अनुगमन, रिपोर्टिङ र पृष्ठपोषण गर्न सक्षम हुनेछन ।

# पोषण पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरूका लागि पुनर्ताजगी तालिमको पाठ्यक्रम

अवधिः ५ दिन

प्रतिदिन सेसन संख्याः ४

प्रतिसेसन समयः १ घण्टा ४५ मिनेट

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| १ | १ | सहभागीहरूको उपस्थिति दर्ता, परिचय, तालिमको उद्देश्य र तालिमको उद्घाटन | १ | |
| | २ | सहभागीहरूको समूह विभाजन, समूहहरूको नामाकरण, अपेक्षा सङ्कलन र तालिम अवधिभरका लागि नीतिनियम तथा आचारसंहिता तयार, तालिमपूर्वको परीक्षा | | १ |
| | ३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको परिचय | १ | |
| | ४ | तयारी बैठकहरू १, २, ३ र पोषण पात्रो तयारी अभ्यास | | १ |
| २ | १ | पोषण पाठशालमा गरिने तुलनात्मक अध्ययन परीक्षण र सहायक अध्ययन परीक्षण। | १ | |
| | २ | पोषण प्रणाली विश्लेषण (Nutrition System Analysis - NSA) | १ | |
| | ३ | - पोषण र यसको अवस्था र महत्त्व<br>- कुपोषण, यसको वर्गीकरण, चक्र र नकारात्मक असरहरू | १ | |
| | ४ | खाद्य सुरक्षा, उपलब्धता, व्यवस्थापन, प्रशोधन र सञ्चय | १ | |
| ३ | १ | विद्यमान खानपानसम्बन्धी अभ्यास तथा विश्लेषण | | १ |
| | २ | पोषण पाठशालामा सामाजिक तथा वातावरणीय सुरक्षा | १ | |
| | ३ | नेपालीहरूका लागि स्वास्थ्य तथा सिफारिस गरिएको खाना | १ | |
| | ४ | -खाद्य विविधीकरण तथा स्थानीय पोषणयुक्त खानाको प्रवर्द्धन<br>-घरबारी पोषण बगैंचाको स्थापनाको अवधारणा, महत्त्व तथा तरिका | | १ |
| ४ | १ | मातृपोषण र स्याहार | १ | |
| | २ | शिशु तथा बाल्यकालीन पोषणको परिचय, महत्त्व र सिफारिस गरिएका व्यवहारहरू (स्तनपान, पूरक खाना, खोप, बिरामी बच्चाको खानपान तथा स्याहार) | | १ |
| | ३ | वृद्धि अनुगमन तथा प्रवर्द्धन (पोषण अवस्था लेखाजोखासहित) | | १ |
| | ४ | - किशोरावस्थाको पोषणमा सिफारिस गरिएका व्यवहार तथा महत्त्व<br>- पोषणयुक्त खाद्य परिकार तयारी तथा प्रदर्शनी | १ | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन
२०७५

| दिन | सेसन | विषयवस्तु | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| ५ | १ | - खानेपानी, सरसफाइ र स्वच्छताका लागि गरिने अत्यावश्यक कार्य<br>- आपत्कालीन अवस्थामा पोषण | १ | |
| | २ | - सामाजिक व्यवहार परिवर्तन सञ्चारको परिचय, महत्त्व, चरण र तरिकाहरू<br>- सहजीकरण विधि तथा सहजकर्ताहरूमा हुनुपर्ने गुणहरू<br>- पोषण दिवस सञ्चालन | | १ |
| | ३ | अभिलेख र प्रतिवेदन<br>पाठयोजनाको आधारभूत खाका र निर्माण<br>पोषण पाठशालाको SWOT विश्लेषण र कार्ययोजना निर्माण | | १ |
| | ४ | तालिम पश्चात्को अन्तिम परीक्षा संचालन र अन्तिम मूल्याङ्कन, पुनर्ताजगी तालिम समापन | १ | |
| | | जम्मा | १२ | ८ |

पुनश्चः

१. प्रत्येक दिनको तालिम सुरु हुनुभन्दा पहिले अघिल्लो दिनको तालिममा गरिएका क्रियाकलापहरूका बारेमा संस्मरण गराई तालिमका लागि उपयुक्त हुने वातावरणको सिर्जना गरिनुपर्दछ ।

२. आवश्यकता अनुसार तालिमका सत्रहरूका बीचबीचमा समूह गतिशीलताका अभ्यासहरू पनि राख्दै जानुपर्दछ ।

(झ) कृषि व्यवसाय पाठशाला सम्बन्धी अधिकृतस्तर प्रशिक्षक प्रशिक्षण तालिमको पाठ्यक्रम

## १. आयोजनाको परिचय

नेपाल सरकार र आई.डी.ए. (विश्व बैंक) बीच सन् २०१८ नोभेम्बर १४ मा भएको सम्झौता अनुसार खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (Food and Nutrition Security Enhancement Project - FANSEP) गोरखाको गण्डकी र बारपाक सुलीकोट, धादिङ्गको गजुरी र बेनीघाट रोराङ, सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको तामाकोसी र कालिन्चोक, महोत्तरीको एकडारा र पिपरा, धनुषाको धनौजी र मुखियापट्टी मुसहरनिया, सिराहाको औरही र बरियारपट्टी तथा सप्तरीको विष्णुपुर र राजगढ गाउँपालिकाहरूमा सञ्चालनमा आएको छ । यस आयोजनाको सम्भाग "क" (Component A) अन्तर्गत विभिन्न अवधिका बाली उत्पादन कृषक पाठशाला, कुखुरापालन कृषक पाठशाला, बाख्रापालन कृषक पाठशाला, दूध उत्पादन कृषक पाठशाला, सम्भाग ख (Component B) अन्तर्गत कृषि व्यवसाय पाठशाला र सम्भाग ग (Component C) अन्तर्गत पोषण पाठशालाहरूको माध्यमबाट आयोजनाको लक्षित वर्गमा उन्नत प्रविधि तथा अभ्यासहरूबारे ज्ञान, सीप र चेतनाको अभिवृद्धि गरी कृषि तथा पशुपन्छीजन्य उत्पादकत्व वृद्धि तथा समुदायको पोषण अवस्थामा सुधार ल्याउनु रहेको छ ।

कृषक व्यवसाय पाठशालाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न पाठशाला सहजकर्ताहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । कृषि व्यवसाय पाठशाला नयाँ अवधारणा भएकोले पाठशालाहरू सञ्चालनका लागि आवश्यक पर्ने योग्य जनशक्ति तयार गरी परिचालन गर्न कृषि व्यवसाय पाठशालासँग सम्बन्धित विषयवस्तुहरूमा अधिकृस्तर प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिनेछ । आयोजनाबाट तालिम प्राप्त अधिकृत प्रशिक्षकहरूबाट प्राविधिक तथा कृषक सहजकर्ताहरूको तालिममा प्रशिक्षण दिने र कृषि व्यवसाय पाठशाला सञ्चालन कार्यविधि, २०७७ अनुसार गाउँपालिकास्तरमा सञ्चालन हुने कृषि व्यवसाय पाठशालाको विशेष कक्षा प्रशिक्षण, अनुगमन र पृष्ठपोषणका लागि सक्षम बनाउन प्रशिक्षक प्रशिक्षण तालिमका लागि कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअलमा समावेश गरिएका अभ्यास अनुसारका विषयवस्तुहरूलाई कुशल ढङ्गबाट प्रशिक्षण गर्ने दक्षता विकास गर्ने गरी यो पाठ्यक्रम तयार गरिएको छ ।

## २. पाठ्यक्रम विवरण

कृषि व्यवसाय पाठशाला खास गरी व्यावहारिक ज्ञान, सीप र अभ्यास हासिल गर्ने थलो भएकोले प्राविधिक तथा कृषक सहजकर्तालाई प्रशिक्षण दिनका लागि आवश्यक पर्ने विषयवस्तुहरू समावेश गरिएको अधिकृतस्तर प्रशिक्षक प्रशिक्षण तालिमको पाठ्यक्रम सम्बन्धित विषयका विषय विशेषज्ञहरूलाई संलग्न गराई कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअल सँग तालमेल हुने गरी तय गरिएको छ । कृषि व्यवसाय पाठशाला अधिकृतस्तर प्रशिक्षक प्रशिक्षण तालिमको स्वीकृत पाठ्यक्रम तल तालिकामा दिइएको छ ।

## ३. तालिमको उद्देश्य

यस तालिमको उद्देश्य कृषि व्यवसाय पाठशाला सम्बन्धी सहजकर्ता तालिमको लागि अधिकृतस्तर प्रशिक्षक तयार गर्नु रहेको छ ।

तालिमका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

- कृषि व्यवसाय पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरूका लागि प्रभावकारी रूपले प्रशिक्षण दिन प्रशिक्षकको दक्षता अभिवृद्धि गर्ने ।
- समय सन्दर्भ र स्थानीय वस्तुस्थिति अनुसार कृषि व्यवसाय पाठशालाको विषयवस्तु, पाठयोजना तयारी र सञ्चालनलाई प्रभावकारी रूपले प्रशिक्षण गर्न अधिकृत प्रशिक्षकहरूलाई सक्षम बनाउने ।
- प्राविधिक र कृषक सहजकर्ताबाट गाउँपालिकास्तरमा सञ्चालन हुने कृषि व्यवसाय पाठशालाको नियमित रूपमा विशेष कक्षा प्रशिक्षण, अनुगमन, रिपोर्टिङ र पृष्ठपोषणका लागि अधिकृत प्रशिक्षकलाई सक्षम बनाउने ।

## ४. तालिम सञ्चालन प्रक्रिया/विधि

अधिकृतस्तर प्रशिक्षक प्रशिक्षण तालिमको अवधि १४ दिनको हुनेछ । आयोजनाले छनोट गरेको उपयुक्त स्थानमा आवासीय तालिम सञ्चालन गरिनेछ । प्रत्येक दिन चारवटा सत्रहरू सञ्चालन गरिनेछ र प्रत्येक सत्र १ घण्टा ४५ मिनेटको हुनेछ ।

तालिममा समावेश गरिएका सिकाइका विषयवस्तुहरूमा पूर्व मूल्याङ्कन, कार्यपत्र प्रस्तुति, छलफल, मस्तिष्क मन्थन, सफलताका पक्षहरूको छलफल, कृषि व्यवसाय योजनाको अभ्यास, समकक्षीहरूबाट समीक्षा र अनुगमन, उद्यम, व्यवसाय तथा बजारको स्थलगत अध्ययन भ्रमण/सर्वेक्षण, सन्दर्भ हेरी सिकाइ साटासाट, कार्ययोजनाको प्रस्तुति र तालिम पश्चातको अन्तिम मूल्याङ्कन आदि विधिहरू प्रयोग गरिनेछ । प्रशिक्षक प्रशिक्षण तालिम सफलतापूर्वक सम्पन्न गरेका अधिकृत प्रशिक्षकहरूलाई सहजकर्ता तालिमका लागि प्रशिक्षण गर्न र कृषि व्यवसाय पाठशालाको विशेष कक्षा प्रशिक्षण तथा पाठशालाको अनुगमन, रिपोर्टिङ र पृष्ठपोषण गर्ने कार्यमा लगाइनेछ ।

## ५. तालिमका सहभागीहरू

आयोजना क्षेत्रका गाउँपालिकाहरूमा कार्यरत कृषि/पशु सेवा तर्फका अधिकृतहरू, आयोजना व्यवस्थापन इकाई र आयोजना क्लष्टर इकाईमा कार्यरत कृषि/पशु सेवा तर्फका अधिकृतहरू तथा एफ.ए.ओ. टी.ए. क्लष्टरमा कार्यरत बाली तथा पशु विकास मूल्य श्रृखंला विज्ञहरू मध्येबाट सहभागीको छनौट गरिनेछ ।

## ६. अपेक्षित उपलब्धि

यस तालिमबाट कृषि व्यवसाय पाठशालाका सहजकर्ताहरूलाई तालिम दिन योग्य अधिकृत प्रशिक्षक तयार हुनेछन । ती प्रशिक्षकहरूले गाउँपालिकास्तरमा सञ्चालन हुने कृषि व्यवसाय पाठशालाको विशेष कक्षा प्रशिक्षण, अनुगमन, रिपोर्टिङ र पृष्ठपोषण गर्न सक्षम हुनेछन ।

## कृषि व्यवसाय पाठशाला सम्बन्धी अधिकृतस्तर प्रशिक्षक प्रशिक्षण तालिमको पाठ्यक्रम

अवधिः १४ दिन

प्रतिदिन सेसन संख्याः ४

प्रतिसेसन समयः १ घण्टा ४५ मिनेट

| दिन | सेसन | तालिम सत्रका विषयवस्तुहरू | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| १ | १ | सहभागीहरूको उपस्थिति दर्ता, परिचय, तालिमको उद्देश्य तथा उद्घाटन | | १ |
| | २ | सहभागीहरूको समूह विभाजन, समूहहरूको नामाकरण र तालिम अवधिभरका लागि नीति नियम तथा आचारसंहिता निर्माण, सहभागीहरूको अपेक्षा सङ्कलन, सहभागीहरूको तालिम पूर्व-मूल्याङ्कन (Pre-Test) | | १ |
| | ३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबारे जानकारी | १ | |
| | ४ | कृषि व्यवसाय पाठशालाको संक्षिप्त परिचय, पाठशाला सञ्चालन प्रक्रिया तथा चरणहरू र कृषि व्यवसाय पाठशालामा सहभागी कृषक छनोटका लागि पूर्वतयारी बैठकहरूको सञ्चालन | १ | |
| २ | १ | कृषि व्यवसाय पाठशालाको विषयवस्तुको सत्र विभाजन र बैठक तालिका, दायित्वको जाँच सूची तयारी, लैङ्गिक अवधारणाबारे आधारभूत जानकारी र कृषि व्यवसाय पाठशालाका लागि आधारभूत नीतिनियमहरू | १ | |
| | २ | व्यवसायका रूपमा कृषि, कृषि व्यवसायका चक्र र कृषि व्यवसाय चक्र बारे रामलालको कथाबाट सिकाइ | १ | |
| | ३ | कृषि उद्यम, उद्यमशीलता र उद्यमीको अवधारणा, सफल व्यवसायीका क्षमता, कृषि व्यवसायका महत्त्वपूर्ण पक्ष र कृषि व्यवसाय लाभकारिता (आम्दानी, लागत र नाफा) | १ | |
| | ४ | बजार र बजारीकरण, बजार सूचना, बजार मूल्य बारे जानकारी र बजार सर्वेक्षणको तयारी | १ | |
| ३ | १ | कृषक थलो र बजार फिल्ड सर्वेक्षण | | १ |
| | २ | कृषक थलो र बजार फिल्ड सर्वेक्षणको समूहगत प्रस्तुति | | १ |
| | ३ | कृषि उत्पादन र बजार स्थितिको लेखाजोखा तथा विश्लेषणको कार्यमा रुपान्तरण | १ | |
| | ४ | कृषि व्यवसायका लागि परिकल्पना, लक्ष्य र रणनीति | १ | |

| दिन | सेसन | तालिम सत्रका विषयवस्तुहरू | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| ४ | १ | उद्यम लाभकारिताको अवधारणा, विश्लेषण र यसको आकलन | १ | |
| | २ | उद्यम लाभकारिता विश्लेषणका तरिकाहरूको अभ्यास (Discounted and non-discounted methods) स्थिर खर्च र मूल्य ह्रासको गणना | | १ |
| | ३ | उद्यम छनोट, प्राविधिक सम्भाव्यता सूचकहरू, साधनस्रोत उपलब्धताको लेखाजोखा, जलवायु परिवर्तन र समुत्थानका रणनीतिहरू (Climate change and strategies for resilience building) | १ | |
| | ४ | व्यवसायका लागि विभिन्न सेवा प्रदायकहरूको पहिचान र व्यवसाय सञ्चालनका लागि दर्ता प्रक्रिया र आवश्यक पर्ने कागजातहरू | १ | |
| ५ | १ | कृषि व्यवसाय योजनाका सम्भागहरू : कृषि तथा पशुपन्छीजन्य व्यवसाय योजनाको लागि उत्पादन तथा बजार योजना तयारी | १ | |
| | २ | कृषि तथा पशुपन्छी उत्पादन र बजार योजनाको तयारी अभ्यास | | १ |
| | ३ | वित्त तथा खर्च योजना : लाभकारिता, आम्दानी, चालु खर्च, नाफा वारे बुझाइ | १ | |
| | ४ | वित्त तथा खर्च योजना : लाभकारिता, आम्दानी, चालु खर्च, नाफाको अभ्यास | | १ |
| ६ | १ | नगदप्रवाह तथा जोखिम र जोखिम व्यवस्थापनका पक्षहरू | १ | |
| | २ | नगदप्रवाह तथा जोखिम र जोखिम व्यवस्थापनका पक्षहरू (Including Current Agricultural Insurance Policies of Government) को अभ्यास | | १ |
| | ३ | कृषि व्यवसाय योजना तथा कार्ययोजनाको तयारी | १ | |
| | ४ | कृषि व्यवसाय योजना तथा कार्ययोजनाको तयारी अभ्यास | | १ |
| ७ | १ | वातावरण तथा सामाजिक सुरक्षाका उपायहरू | १ | |
| | २ | आयोजनाको पुरक अनुदानका लागि व्यवसाय योजनाको तयारी | १ | |
| | ३ | कृषि व्यवसाय अभिलेखको अवधारणा र यसका सैद्धान्तिक पक्षहरूको बुझाइ | १ | |
| | ४ | कृषि व्यवसाय अभिलेख अभ्यास : उत्पादन, श्रमिक, सामग्री, अचल सम्पत्ति अभिलेख, नगदप्रवाहका अभिलेख राख्ने तरिकाहरू, नाफा तथा नोक्सान विश्लेषण | १ | |
| ८ | १ | कृषि व्यवसाय अभिलेख अभ्यास : उत्पादन, श्रमिक, सामग्री, अचल सम्पत्ति अभिलेख, नगदप्रवाहका अभिलेख र नाफा तथा नोक्सान विश्लेषण अभ्यासकार्यको प्रस्तुति | | १ |
| | २ | बचत अवधारणा र सिद्धान्त, वित्तको आवश्यकता र महत्त्व, वित्त | १ | |

| दिन | सेसन | तालिम सत्रका विषयवस्तुहरू | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | | परिचालनमा नगदप्रवाह चार्ट, ऋण प्रदायकहरूको पहिचान एवं सर्तहरू | | |
| | ३ | बजार सम्बन्धनका लागि उत्पादनशील सम्बन्धन (प्रोडक्टिभ एलायन्स) | १ | |
| | ४ | बजार सम्बन्धन, बजार सम्वन्धनका तरिकाहरू, कृषि उपजका बजारीकरणका विभिन्न चरणहरू, समूहगत खरिद तथा वजारीकरण र वजारीकरणको लेखाजोखा | १ | |
| ९ | | फिल्ड भ्रमण (कृषि/पशुपन्छी व्यवसाय तथा बजार) र भ्रमणवाट प्राप्त जानकारीको प्रस्तुति | | ४ |
| १० | १ | करार खेती, करार खेतीका फाइदा, चुनौती र समाधानका उपायहरू, करार लेखाजोखा र सौदावाजी सीप तथा करार सम्वन्धी स्थानीय कानुन | १ | |
| | २ | जलवायु परिवर्तन र व्यवसाय जोखिम लेखाजोखा तथा व्यवस्थापन रणनीतिहरू | १ | |
| | ३ | कार्यसम्पादन मापन (वेन्चमार्किङ) | १ | |
| | ४ | कृषि उद्यमहरूको बेन्चमार्किङ अध्ययन (अभ्यास) | | १ |
| ११ | १ | बेन्चमार्किङ अध्ययन अन्तर्गत सफल उद्यमीका विशेषताहरू र रणनीतिहरूको सिकाइको प्रस्तुति | | १ |
| | २ | उत्पादनोपरान्त क्षति, यसका कारक तत्त्वहरू र कृषि बाली वस्तु उपजको गुणस्तर तथा सुरक्षा कारक तत्त्वहरू | १ | |
| | ३ | परिपक्वता मापदण्ड र फलफूल तथा तरकारी बाली भित्र्याइ कार्य, बाली कटानी/टिपाइ सम्बन्धी तौरतरिकाहरू, भित्र्याइएका उपजको स्थलगत परिचालन | १ | |
| | ४ | प्याकिङ गृह सञ्चालन, प्याकेजिङ, लेवलिङ र ढुवानी | १ | |
| १२ | १ | कृषि मूल्य शृङ्खलाको अवधारणा, आवश्यकता र मूल्य शृङ्खलाको नक्साङ्कन | १ | |
| | २ | कृषि मूल्य शृङ्खलाको नक्साङ्कन अभ्यास | | १ |
| | ३ | मूल्य अभिवृद्धि र असल कृषि अभ्यास | १ | |
| | ४ | कृषि मूल्य शृङ्खला विकासका लागि वहुसरोकारवाला संवाद मञ्च | १ | |
| १३ | १ | कृषि व्यवसाय पाठशालाको फाइदा लेखाजोखा र प्रस्तुति | | १ |
| | २ | कृषि व्यवसाय योजनाको कार्यसम्पादन लेखाजोखा | १ | |
| | ३ | कृषि व्यवसाय योजनाको कार्यसम्पादन लेखाजोखा अभ्यास र | | १ |

| दिन | सेसन | तालिम सत्रका विषयवस्तुहरू | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | | प्रस्तुति | | |
| | ४ | कृषक दिवस र यसको व्यवस्थापन | १ | |
| १४ | १ | अर्को सिजनका लागि उद्यम छनोट र कृषि व्यवसाय योजनाका सम्भागहरूको पुनरावलोकन | १ | |
| | २ | अर्को सिजनका लागि कृषि व्यवसाय योजना तथा कार्ययोजनाको तयारी अभ्यास | | १ |
| | ३ | कुशल सहजकर्तामा हुनुपर्ने गुणहरू र सहजीकरणका लागि अपनाउनुपर्ने सीपहरू | १ | |
| | ४ | प्रशिक्षार्थीहरूको तालिम उप्रान्त मूल्याङ्कन (Post-Test) र तालिम समापन कार्यक्रम | | १ |
| जम्मा | | | ३५ | २१ |

पुनश्चः

१. प्रत्येक दिनको तालिम सुरु हुनुभन्दा पहिले अघिल्लो दिनको तालिममा गरिएका क्रियाकलापहरूका बारेमा संस्मरण र समीक्षा गराउँदै तालिमका लागि उपयुक्त हुने वातावरणको सिर्जना गरिनुपर्दछ ।

२. आवश्यकतानुसार तालिमका सत्रहरूका बीचबीचमा समूह गतिशीलताका अभ्यासहरू पनि राख्दै जानुपर्दछ ।

३. यो तालिममा भाग लिई सफलता प्राप्त गरेपछि प्रशिक्षार्थीहरूलाई कृषि व्यवसाय पाठशाला तालिमको लागि प्रशिक्षकको प्रमाणपत्र प्रदान गरिनेछ ।

## (ञ) कृषि व्यवसाय पाठशाला सम्बन्धी प्राविधिक सहायकस्तर प्रशिक्षक प्रशिक्षण तालिमको पाठ्यक्रम

### १. आयोजनाको परिचय

नेपाल सरकार र आई.डी.ए. (विश्व बैंक) बीच सन् २०१८ नोभेम्बर १४ मा भएको सम्झौता अनुसार खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (Food and Nutrition Security Enhancement Project - FANSEP) गोरखाको गण्डकी र बारपाक सुलीकोट, धादिङ्गको गजुरी र बेनीघाट रोराङ, सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको तामाकोसी र कालिन्चोक, महोत्तरीको एकडारा र पिपरा, धनुषाको धनौजी र मुखियापट्टी मुसहरनिया, सिराहाको औरही र बरियारपट्टी तथा सप्तरीको विष्णुपुर र राजगढ गाउँपालिकाहरूमा सञ्चालनमा आएको छ । यस आयोजनाको सम्भाग "क" (Component A) अन्तर्गत विभिन्न अवधिका बाली उत्पादन कृषक पाठशाला, कुखुरापालन कृषक पाठशाला, बाख्रापालन कृषक पाठशाला, दूध उत्पादन कृषक पाठशाला, सम्भाग ख (Component B) अन्तर्गत कृषि व्यवसाय पाठशाला र सम्भाग ग (Component C) अन्तर्गत पोषण पाठशालाहरूको माध्यमबाट आयोजनाको लक्षित वर्गमा उन्नत प्रविधि तथा अभ्यासहरूबारे ज्ञान, सीप र चेतनाको अभिवृद्धि गरी कृषि तथा पशुपन्छीजन्य उत्पादकत्व वृद्धि तथा समुदायको पोषण अवस्थामा सुधार ल्याउनु रहेको छ ।

कृषक व्यवसाय पाठशालाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न पाठशाला सहजकर्ताहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । आयोजनाबाट प्रशिक्षित प्राविधिक सहजकर्ताहरूले कृषि व्यवसाय पाठशाला सञ्चालन कार्यविधि, २०७७ अनुसार गाउँपालिकास्तरमा सञ्चालन हुने कृषि व्यवसाय पाठशालाको सत्र सहजीकरण, पाठशाला सञ्चालन, अनुगमन र पृष्ठपोषण गर्नेछन । सहायकस्तर प्राविधिक सहजकर्ताहरूमा कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअलमा समेटिएका अभ्यास अनुसारका विषयवस्तुहरूको कुशल ढङ्गबाट सहजीकरण गर्ने दक्षता विकास गर्न यो पाठ्यक्रम तयार गरिएको छ ।

### २. पाठ्यक्रम विवरण

कृषि व्यवसाय पाठशाला खास गरी व्यावहारिक ज्ञान, सीप र अभ्यास हासिल गर्ने थलो भएकोले यस तालिम पाठ्यक्रम सम्बन्धित विषयका विषय विशेषज्ञहरूलाई संलग्न गराई कृषि व्यवसाय पाठशाला सञ्चालन कार्यविधि, २०७७ र कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअलमा आधारित रही तय गरिएको छ । कृषि व्यवसाय पाठशाला सम्बन्धी सहायकस्तर प्राविधिक प्रशिक्षक प्रशिक्षण तालिमको स्वीकृत पाठ्यक्रम तल तालिकामा दिइएको छ ।

## ३. तालिमको उद्देश्य

यस तालिमको मुख्य उद्देश्य कृषि व्यवसाय पाठशाला प्रभावकारी रूपमा सञ्चालन गर्न सहायकस्तरका प्राविधिक सहजकर्ताहरू तयार गर्नु रहेको छ ।

तालिमका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्

- कृषि व्यवसाय पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरूको दक्षता अभिवृद्धि गर्ने ।
- समय सन्दर्भ र स्थानीय वस्तुस्थिति अनुसार कृषि व्यवसाय पाठशालाका विषयवस्तुहरू, पाठयोजना तयारी र सञ्चालन विधिलाई प्रभावकारी रूपले सहजीकरण गर्न सहजकर्तालाई सक्षम बनाउने ।
- गाउँपालिकास्तरमा सञ्चालन हुने कृषि व्यवसाय पाठशालाको नियमित रूपमा अनुगमन, रिपोर्टिङ र पृष्ठपोषणका लागि सहजकर्तालाई सक्षम बनाउने ।

## ४. तालिम सञ्चालन प्रक्रिया/विधि

सहायकस्तर प्राविधिक सहजकर्ताको तालिमको अवधि १४ दिनको हुनेछ । आयोजनाले छनौट गरेको उपयुक्त स्थानमा आवासीय तालिम सञ्चालन गरिनेछ । प्रत्येक दिन चारवटा सत्रहरू हुनेछन र प्रत्येक सत्र १ घण्टा ४५ मिनेटको हुनेछ ।

तालिममा पूर्व मूल्याङ्कन, कार्यपत्र प्रस्तुति, छलफल, मस्तिष्क मन्थन, सफलताका पक्षहरूको छलफल, कृषि व्यवसाय चक्र र कृषि व्यवसाय योजना अभ्यास, समूहकार्य एवं प्रस्तुति, प्रश्नोत्तर, सामूहिक छलफल, स्थान विशेषका कृषि उद्यम तथा व्यवसाय योजना तयारीका अभ्यास, समकक्षीहरूबाट समीक्षा र अनुगमन, उद्यम, व्यवसाय तथा बजारको स्थलगत अध्ययन भ्रमण/सर्वेक्षण, सन्दर्भ हेरी सिकाइ साटासाट, कृषि व्यवसाय योजना र कार्य योजनाको प्रस्तुति र तालिम पश्चातको अन्तिम मूल्याङ्कन आदि विधिहरू प्रयोग गरिनेछ । सहजकर्ता तालिम सफलतापूर्वक सम्पन्न गरेका सहजकर्ताहरूलाई कृषि व्यवसाय पाठशाला सञ्चालन गर्ने कार्यमा लगाइनेछ ।

## ५. तालिमका सहभागीहरु

आयोजना क्षेत्रका गाउँपालिकाहरूमा कार्यरत कृषि र पशु सेवाका प्राविधिकहरू, आयोजनाका सेवा प्रदायक तर्फका कृषि तथा पशु सेवाका प्राविधिकहरू, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको आयोजना क्लष्टर इकाईमा कार्यरत प्राविधिकहरू मध्येबाट सहभागीको छनौट गरिनेछ ।

## ६. अपेक्षित उपलब्धि

यस तालिमबाट कृषि व्यवसाय पाठशालाका सहजकर्ताहरूलाई तालिम दिन योग्य प्राविधिक सहजकर्ता तयार हुनेछन । ती प्राविधिक सहजकर्ताहरूले गाउँपालिकास्तरमा सञ्चालन हुने कृषि व्यवसाय पाठशालाको विशेष कक्षा प्रशिक्षण, अनुगमन, रिपोर्टिङ र पृष्ठपोषण गर्न सक्षम हुनेछन ।

## कृषि व्यवसाय पाठशाला सम्बन्धी प्राविधिक सहायकस्तर प्रशिक्षक प्रशिक्षण तालिमको पाठ्यक्रम

अवधिः १४ दिन

प्रतिदिन सेसन संख्याः ४

प्रतिसेसन समयः १ घण्टा ४५ मिनेट

| दिन | सेसन | तालिम सत्रका विषयवस्तुहरू | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| १ | १ | सहभागीहरूको उपस्थिति दर्ता, परिचय र तालिमको उद्देश्य तथा उद्घाटन | | १ |
| | २ | सहभागीहरूको समूह विभाजन, समूहहरूको नामाकरण र तालिम अवधिभरको लागि नीति नियम तथा आचारसंहिता निर्माण, सहभागीहरूको अपेक्षा सङ्कलन<br>सहभागीहरूको तालिम पूर्व मूल्याङ्कन परीक्षा (Pre-Test) | | १ |
| | ३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबारे जानकारी | १ | |
| | ४ | कृषि व्यवसाय पाठशालाको संक्षिप्त परिचय, पाठशाला सञ्चालन प्रक्रिया तथा चरणहरू, कृषि व्यवसाय पाठशालामा सहभागी कृषक छनोटका लागि पूर्वतयारी बैठकको सञ्चालन | १ | |
| २ | १ | कृषि व्यवसाय पाठशालाको विषयवस्तु, सत्र विभाजन, बैठक तालिका, दायित्वको जाँचसूची तयारी र लैङ्गिक अवधारणाबारे सामान्य बुझाइ | १ | |
| | २ | व्यवसायका रूपमा कृषि, कृषि व्यवसायका चक्र र कृषि व्यवसायका चक्र बारे रामलालको कथाबाट सिकाइ | १ | |
| | ३ | कृषि उद्यम, उद्यमशीलता र उद्यमीको अवधारणा, सफल व्यवसायीका क्षमता, कृषि व्यवसायका महत्त्वपूर्ण पक्ष र कृषि व्यवसाय लाभकारिता (आम्दानी, लागत र नाफा) बारे सामान्य बुझाइ | १ | |
| | ४ | कृषि व्यवसाय लाभकारिता (आम्दानी, लागत र नाफा) अभ्यास | | १ |
| ३ | १ | बजार र बजारीकरण, बजार सूचनाको प्रयोग र यसका स्रोतहरू, बजार मूल्य सम्बन्धी बुझाइ र बजार सर्वेक्षणको तयारी | १ | |
| | २ | कृषक थलो र बजार फिल्ड सर्वेक्षणको समूहगत प्रस्तुति | | १ |
| | ३ | कृषि उत्पादन र बजार स्थितिको लेखाजोखा तथा विश्लेषणको कार्यमा रूपान्तरण | १ | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन

| दिन | सेसन | तालिम सत्रका विषयवस्तुहरू | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | ४ | कृषि व्यवसायका लागि परिकल्पना, लक्ष्य र रणनीति | १ | |
| ४ | १ | उद्यम लाभकारिताको अवधारणा, बजेट खाका, आम्दानी तथा चालु खर्च/लागत, नाफाबारे सामान्य बुझाइ | १ | |
| | २ | उद्यम लाभकारिताको अवधारणा, बजेट खाका, आम्दानी तथा चालु खर्च/लागत, नाफाबारे अभ्यास | | १ |
| | ३ | उद्यम लाभकारिता विश्लेषणका तरिकाहरू अभ्यास, (पारबिन्दु मूल्य र उत्पादन), स्थिर खर्च र मूल्य ह्रास र यसको गणना अभ्यास | | १ |
| | ४ | उद्यम छनोट, प्राविधिक सम्भाव्यताका सूचकहरू, भौतिक स्रोत तथा सामग्री एवं श्रम उपलब्धताको लेखाजोखा गरिने ढाँचा, जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने उपायहरू | १ | |
| ५ | १ | व्यवसायका लागि विभिन्न सेवा प्रदायकहरूको पहिचान र व्यवसाय सञ्चालनका लागि दर्ता प्रक्रिया र आवश्यक पर्ने कागजातहरू | १ | |
| | २ | कृषि व्यवसाय योजनाका सम्भागहरु—कृषि उत्पादन तथा बजारीकरण योजना तयारी | १ | |
| | ३ | कृषि उत्पादन तथा बजार योजना तयारीको अभ्यास | | १ |
| | ४ | कृषि व्यवसाय योजनाका सम्भागहरू लाभकारिता, वित्त तथा खर्च योजना (लाभकारिता, आम्दानी, चालु खर्च, नाफा) | १ | |
| ६ | १ | बाली तथा पशुपन्छी व्यवसायको वित्तिय योजना (लाभकारिता, आम्दानी, चालु खर्च र नाफा) को समूहगत अभ्यास | | १ |
| | २ | नगद प्रवाह र व्यवसायमा जोखिमका किसिमहरू तथा जोखिम व्यवस्थापन रणनीतिहरू (कृषि बीमा नीतिसमेत) | १ | |
| | ३ | नगद प्रवाह र व्यवसायमा जोखिमका किसिमहरू तथा जोखिम व्यवस्थापन रणनीतिहरूको अभ्यास | | १ |
| | ४ | कृषि व्यवसाय योजना तथा कार्ययोजनाको तयारी | १ | |
| ७ | १ | कृषि व्यवसाय योजना तथा कार्ययोजनाको समूहगत अभ्यास | | १ |
| | २ | वातावरण तथा सामाजिक सुरक्षाका उपायहरू | १ | |
| | ३ | आयोजनाको पुरक अनुदानका लागि व्यवसाय योजनाको ढाँचाको अभ्यास | | १ |
| | ४ | कृषि व्यवसाय अभिलेखाङ्कन, अभिलेखका फाइदा र अभिलेखका किसिम | १ | |
| ८ | १ | उत्पादन, श्रमिक, सामग्री, अचल सम्पत्ति अभिलेख, नगद प्रवाहका | १ | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन
२०७५

| दिन | सेसन | तालिम सत्रका विषयवस्तुहरू | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | | अभिलेख राख्ने तरिकाहरू, नाफा तथा नोक्सान अभिलेख | | |
| | २ | उत्पादन, श्रमिक, सामग्री, अचल सम्पत्ति अभिलेख, नगद प्रवाहका अभिलेख राख्ने तरिकाहरू, नाफा तथा नोक्सान अभिलेख व्यवस्थापनको अभ्यास | | १ |
| | ३ | बचतको अवधारणा, वित्त परिचालनमा नगदप्रवाह चार्ट, ऋण प्रदायकहरूको नाम, ब्याज, सर्तहरू | १ | |
| | ४ | बजार सम्बन्धनका लागि उत्पादनशील सम्बन्धन (प्रोडक्टिभ एलायन्स) | १ | |
| ९ | | फिल्ड भ्रमण (कृषि तथा पशुपन्छी व्यवसाय तथा बजार) र प्रस्तुति (मामिला अध्ययन) | | ४ |
| १० | १ | बजार सम्बन्धन, यसका तरिकाहरू, समूहगत बजारीकरण र खरिद तथा समूहगत बजारीकरणको लेखाजोखा | १ | |
| | २ | करार खेती र यसका फाइदा, चुनौती र चुनौती समाधानका उपायहरू, सौदाबाजी सीप, करार विवरण र करार लेखाजोखा | १ | |
| | ३ | करार लेखाजोखा, करार विवरण, स्थानीय तहको कानुनको जानकारी, सौदाबाजी सीप र सफल सौदाबाजीका लागि तरिकाहरूको अभ्यास | | १ |
| | ४ | उद्यम व्यवसायमा देखा पर्ने जोखिमहरू र जलवायु परिवर्तनका असर तथा जोखिम व्यवस्थापन रणनीतिहरू | १ | |
| ११ | १ | कृषि उद्यमहरूको कार्य सम्पादन मापन (वेन्चमार्किङ) | १ | |
| | २ | कृषि उद्यमहरूको वेन्चमार्किङ स्थलगत अध्ययन अभ्यास | | १ |
| | ३ | उत्पादनोपरान्त क्षति, क्षतिमा प्रभाव पार्ने कारक तत्त्वहरू र ताजा कृषिउपजको गुणस्तर र सुरक्षा कारकहरू तथा सुरक्षा कायम गर्ने तरिकाहरू | १ | |
| | ४ | परिपक्वता, मापदण्ड र फलफूल तथा तरकारी बाली भित्र्याइ कार्यसम्बन्धी अभ्यास, बाली कटानी टिपाइ सम्बन्धी तौर तरिकाहरू, भित्र्याइएका उपजको स्थलगत परिचालन तौर तरिका | १ | |
| १२ | १ | प्याकिङ गृह सञ्चालन, प्याकेजिङ, लेबलिङ र ढुवानी | १ | |
| | २ | कृषि मूल्य शृङ्खलाको अवधारणा, आवश्यकता र मूल्य शृङ्खलाको नक्साङ्कन | १ | |
| | ३ | कृषि मूल्य शृङ्खलाको नक्साङ्कन अभ्यास | | १ |
| | ४ | मूल्य अभिवृद्धि र असल कृषि अभ्यास | १ | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन

| दिन | सेसन | तालिम सत्रका विषयवस्तुहरू | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| १३ | १ | कृषि मूल्य शृङ्खला विकासका लागि बहुसरोकारवाला संवाद मञ्च | १ | |
| | २ | कृषि व्यवसाय पाठशालाको फाइदा लेखाजोखा | | १ |
| | ३ | कृषि व्यवसाय योजनाको कार्यसम्पादन लेखाजोखा | | १ |
| | ४ | कृषक दिवस र यसको व्यवस्थापन | १ | |
| १४ | १ | अर्को सिजनका लागि उद्यम छनोट र कृषि व्यवसाय योजनाका सम्भागहरूको पुनरावलोकन | | १ |
| | २ | अर्को सिजनका लागि कृषि व्यवसाय योजना तथा कार्ययोजनाको तयारी | | १ |
| | ३ | कुशल सहजकर्तामा हुनुपर्ने गुणहरू र सहजीकरणका लागि अपनाउनुपर्ने सीपहरू | १ | |
| | ४ | प्रशिक्षार्थीहरूको तालिम उप्रान्त मूल्याङ्कन (Post-Test) र तालिम समापन कार्यक्रम | | १ |
| जम्मा | | | ३२ | २४ |

पुनश्च:

१. प्रत्येक दिनको तालिम सुरु हुनुभन्दा पहिले अघिल्लो दिनको तालिममा गरिएका कृयाकलापहरूका बारेमा संस्मरण गराउँदै तालिमका लागि उपयुक्त हुने वातावरणको सिर्जना गरिनुपर्दछ ।

२. आवश्यकतानुसार तालिमका सत्रहरूका बीचबीचमा समूह गतिशीलताका अभ्यासहरू पनि राख्दै जानुपर्दछ ।

३. यो १४ दिनको तालिममा भाग लिई सफलता प्राप्त गरेपछि मात्र त्यस्ता प्रशिक्षार्थीहरूलाई कृषि व्यवसाय पाठशालाको प्राविधिक सहजकर्ताको रूपमा मान्यता प्राप्त हुने प्रमाणपत्र प्रदान गरिनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन
२०७५

## (ट) कृषि व्यवसाय पाठशाला कृषक सहजकर्ता प्रशिक्षक प्रशिक्षण तालिम पाठ्यक्रम

### १. आयोजनाको परिचय

नेपाल सरकार र आई.डी.ए. (विश्व बैंक) बीच सन् २०१८ नोभेम्बर १४ मा भएको सम्झौता अनुसार खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (Food and Nutrition Security Enhancement Project - FANSEP) गोरखाको गण्डकी र बारपाक सुलीकोट, धादिङ्गको गजुरी र बेनीघाट रोराङ, सिन्धुपाल्चोकको लिसंखुपाखर र इन्द्रावती, दोलखाको तामाकोसी र कालिन्चोक, महोत्तरीको एकडारा र पिपरा, धनुषाको धनौजी र मुखियापट्टी मुसहरनिया, सिराहाको औरही र बरियारपट्टी तथा सप्तरीको विष्णुपुर र राजगढ गाउँपालिकाहरूमा सञ्चालनमा आएको छ । यस आयोजनाको सम्भाग "क" (Component A) अन्तर्गत विभिन्न अवधिका बाली उत्पादन कृषक पाठशाला, कुखुरापालन कृषक पाठशाला, बाख्रापालन कृषक पाठशाला, दूध उत्पादन कृषक पाठशाला, सम्भाग ख (Component B) अन्तर्गत कृषि व्यवसाय पाठशाला र सम्भाग ग (Component C) अन्तर्गत पोषण पाठशालाहरूको माध्यमबाट आयोजनाको लक्षित वर्गमा उन्नत प्रविधि तथा अभ्यासहरूबारे ज्ञान, सीप र चेतनाको अभिवृद्धि गरी कृषि तथा पशुपन्छीजन्य उत्पादकत्व वृद्धि तथा समुदायको पोषण अवस्थामा सुधार ल्याउनु रहेको छ ।

कृषक व्यवसाय पाठशालाहरू प्रभावकारी रूपमा सञ्चालन गर्न पाठशाला सहजकर्ताहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । आयोजनाबाट प्रशिक्षित प्राविधिक सहजकर्ताहरूले कृषि व्यवसाय पाठशाला सञ्चालन कार्यविधि, २०७७ अनुसार गाउँपालिकास्तरमा सञ्चालन हुने कृषि व्यवसाय पाठशालाको सत्र सहजीकरण, पाठशाला सञ्चालन, अनुगमन र पृष्ठपोषण गर्नेछन । सहजकर्ताहरूमा कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअलमा समेटिएका अभ्यास अनुसारका विषयवस्तुहरूको कुशल ढङ्गबाट सहजीकरण गर्ने दक्षता विकास गर्न यो पाठ्यक्रम तयार गरिएको छ ।

### २. पाठ्यक्रम विवरण

कृषि व्यवसाय पाठशाला खास गरी व्यावहारिक ज्ञान, सीप र अभ्यास हासिल गर्ने थलो भएकोले यस तालिम पाठ्यक्रम सम्बन्धित विषयका विषय विशेषज्ञहरूलाई संलग्न गराई कृषि व्यवसाय पाठशाला सञ्चालन कार्यविधि, २०७७ र कृषि व्यवसाय पाठशाला सञ्चालन म्यानुअलमा तालमेल हुने गरी तय गरिएको छ । कृषि व्यवसाय पाठशाला कृषक सहजकर्ता प्रशिक्षक प्रशिक्षण तालिमको स्वीकृत पाठ्यक्रम तल तालिकामा दिइएको छ ।

## ३. तालिमको उद्देश्य

यस तालिमको मुख्य उद्देश्य आयोजना लागू भएका गाउँपालिकाहरूमा सञ्चालन हुने कृषि व्यवसाय पाठशाला प्रभावकारी रूपमा सञ्चालन गर्न कृषक सहजकर्ताहरू तयार गर्नु रहेको छ ।

तालिमका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्

- कृषि व्यवसाय पाठशाला सञ्चालन गर्ने कृषक सहजकर्ताहरूको दक्षता अभिवृद्धि गर्ने ।
- समय सन्दर्भ र स्थानीय वस्तुस्थिति अनुसार कृषि व्यवसाय पाठशालाका विषयवस्तुहरू, पाठयोजना तयारी र सञ्चालन विधीलाई प्रभावकारी रूपले सहजीकरण गर्न सहजकर्तालाई सक्षम बनाउने ।
- गाउँपालिकास्तरमा सञ्चालन हुने कृषि व्यवसाय पाठशालाको नियमित रूपमा अनुगमन, रिपोर्टिङ र पृष्ठपोषणका लागि कृषक सहजकर्तालाई सक्षम बनाउने ।

## ४. तालिम सञ्चालन प्रक्रिया/विधि

कृषक सहजकर्ताको तालिमको अवधि १४ दिनको हुनेछ । आयोजनाले छनौट गरेको उपयुक्त स्थानमा आवासीय तालिम सञ्चालन गरिनेछ । प्रत्येक दिन चारवटा सत्रहरू हुनेछन र प्रत्येक सत्र १ घण्टा ४५ मिनेटको हुनेछ ।

तालिममा पूर्व मूल्याङ्कन, कार्यपत्र प्रस्तुति, छलफल, मस्तिष्क मन्थन, सफलताका पक्षहरूको छलफल, कृषि व्यवसाय चक्र र कृषि व्यवसाय योजना अभ्यास, समूह कार्य एवं प्रस्तुति, प्रश्नोत्तर, सामूहिक छलफल, स्थान विशेषका कृषि उद्यम तथा व्यवसाय योजना तयारीका अभ्यास, समकक्षीहरूबाट समीक्षा र अनुगमन, उद्यम, व्यवसाय तथा बजारको स्थलगत अध्ययन भ्रमण-सर्वेक्षण, सन्दर्भ हेरी सिकाइ साटासाट, कृषि व्यवसाय योजना र कार्य योजनाको प्रस्तुति र तालिम पश्चातको अन्तिम मूल्याङ्कन आदि विधिहरू प्रयोग गरिनेछ । सहजकर्ता तालिम सफलतापूर्वक सम्पन्न गरेका कृषक सहजकर्ताहरूलाई कृषि व्यवसाय पाठशाला सञ्चालन गर्ने कार्यमा लगाइनेछ ।

## ५. तालिमका सहभागीहरु

आयोजना क्षेत्रका गाउँपालिकाहरूमा स्थायी बसोबास गरी विभिन्न बाली तथा पशुपन्छीजन्य व्यवसायमा संलग्न भई बाली उत्पादन वा दूध उत्पादन वा बाख्रापालन वा कुखुरापालन कृषक पाठशालामा सहभागी भइसकेका, २५ वर्ष पूरा भई ५० वर्ष ननाघेका महिला र युवा कृषकहरू मध्येबाट कृषक सहजकर्ता भई काम गर्न इच्छुक कृषकहरूलाई सहभागीको रूपमा छनौट गरिनेछ ।

## ६. अपेक्षित उपलब्धि

यस तालिमबाट कृषि व्यवसाय पाठशालाका कृषकहरूलाई तालिम दिन योग्य कृषक सहजकर्ताहरू तयार हुनेछन । ती कृषक सहजकर्ताहरूले गाउँपालिकास्तरमा सञ्चालन हुने कृषि व्यवसाय पाठशालाको विशेष कक्षा प्रशिक्षण, अनुगमन, रिपोर्टिङ र पृष्ठपोषण गर्न सक्षम हुनेछन ।

# कृषि व्यवसाय पाठशाला कृषक सहजकर्ता प्रशिक्षक प्रशिक्षण तालिम पाठ्यक्रम

अवधिः १४ दिन

प्रतिदिन सेसन संख्याः ४

प्रति सेसन समयः १ घण्टा ४५ मिनेट

| दिन | सेसन | तालिम सत्रका विषयवस्तुहरू | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| १ | १ | सहभागीहरूको उपस्थिति दर्ता, परिचय र तालिमको उद्देश्य तथा उद्‌घाटन | | १ |
| | २ | सहभागीहरूको समूह विभाजन, समूहहरूको नामाकरण र तालिम अवधिभरको लागि नीतिनियम तथा आचारसंहिता निर्माण, सहभागीहरूको अपेक्षा सङ्कलन<br>सहभागीहरूको तालिम पूर्व मूल्याङ्कन परीक्षा (Pre-Test) | | १ |
| | ३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाबारे जानकारी | १ | |
| | ४ | कृषि व्यवसाय पाठशालाको संक्षिप्त परिचय, पाठशाला सञ्चालन प्रक्रिया तथा चरणहरू, कृषि व्यवसाय पाठशालामा सहभागी कृषक छनोटका लागि पूर्वतयारी बैठकको सञ्चालन | १ | |
| २ | १ | कृषि व्यवसाय पाठशालाको विषय वस्तु, सत्र विभाजन, बैठक तालिका, दायित्वको जाँचसूची तयारी र लैङ्गिक अवधारणा बारे सामान्य बुझाइ | १ | |
| | २ | व्यवसायका रूपमा कृषि, कृषि व्यवसायका चक्र र कृषि व्यवसायका चक्रबारे रामलालको कथाबाट सिकाइ | १ | |
| | ३ | कृषि उद्यम, उद्यमशीलता र उद्यमीको अवधारणा, सफल व्यवसायीका क्षमता, कृषि व्यवसायका महत्वपूर्ण पक्ष र कृषि व्यवसाय लाभकारीता (आम्दानी, लागत र नाफा) बारे सामान्य बुझाइ | १ | |
| | ४ | कृषि व्यवसाय लाभकारिता (आम्दानी, लागत र नाफा) अभ्यास | | १ |
| ३ | १ | बजार र बजारीकरण, बजार सूचनाको प्रयोग र यसका स्रोतहरू, बजार मूल्य सम्बन्धी बुझाइ र बजार सर्वेक्षणको तयारी | १ | |
| | २ | कृषक थलो र बजार फिल्ड सर्वेक्षणको समूहगत प्रस्तुति | | १ |
| | ३ | कृषि उत्पादन र बजार स्थितिको लेखाजोखा तथा विश्लेषणको कार्यमा रुपान्तरण | १ | |
| | ४ | कृषि व्यवसायका लागि परिकल्पना, लक्ष्य र रणनीति | १ | |
| ४ | १ | उद्यम लाभकारिताको अवधारणा, बजेट खाका, आम्दानी तथा चालुखर्च/लागत, नाफाबारे सामान्य बुझाइ | १ | |
| | २ | उद्यम लाभकारिताको अवधारणा, बजेट खाका, आम्दानी तथा चालु खर्च/लागत, नाफाबारे अभ्यास | | १ |

नेपाल सरकार
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन

| दिन | सेसन | तालिम सत्रका विषयवस्तुहरू | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | ३ | उद्यम लाभकारिता विश्लेषणका तरिकाहरू अभ्यास, (पारबिन्दु मूल्य र उत्पादन), स्थिर खर्च र मूल्य ह्रास र यसको गणना अभ्यास | | १ |
| | ४ | उद्यम छनोट, प्राविधिक सम्भाव्यताका सूचकहरू, भौतिक स्रोत तथा सामग्री एवं श्रम उपलब्धताको लेखाजोखा गरिने ढाँचा, जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने उपायहरू | १ | |
| ५ | १ | व्यवसायका लागि विभिन्न सेवा प्रदायकहरूको पहिचान र व्यवसाय सञ्चालनका लागि दर्ता प्रक्रिया र आवश्यक पर्ने कागजातहरू | १ | |
| | २ | कृषि व्यवसाय योजनाका सम्भागहरु कृषि उत्पादन तथा बजारीकरण योजना तयारी | १ | |
| | ३ | कृषि उत्पादन तथा बजार योजना तयारीको अभ्यास | | १ |
| | ४ | कृषि व्यवसाय योजनाका सम्भागहरु लाभकारिता, वित्त तथा खर्च योजना (लाभकारिता, आम्दानी, चालु खर्च, नाफा) | १ | |
| ६ | १ | बाली तथा पशुपन्छी व्यवसायको वित्तिय योजना (लाभकारिता, आम्दानी, चालु खर्च र नाफा) को समूहगत अभ्यास | | १ |
| | २ | नगद प्रवाह र व्यवसायमा जोखिमका किसिमहरू तथा जोखिम व्यवस्थापन रणनीतिहरू (कृषि बीमा नीतिसमेत) | १ | |
| | ३ | नगद प्रवाह र व्यवसायमा जोखिमका किसिमहरू तथा जोखिम व्यवस्थापन रणनीतिहरूको अभ्यास | | १ |
| | ४ | कृषि व्यवसाय योजना तथा कार्ययोजनाको तयारी | १ | |
| ७ | १ | कृषि व्यवसाय योजना तथा कार्ययोजनाको समूहगत अभ्यास | | १ |
| | २ | वातावरण तथा सामाजिक सुरक्षाका उपायहरू | १ | |
| | ३ | आयोजनाको पूरक अनुदानका लागि व्यवसाय योजनाको ढाँचाको अभ्यास | | १ |
| | ४ | कृषि व्यवसाय अभिलेखाङ्कन, अभिलेखका फाइदा र अभिलेखका किसिम | १ | |
| ८ | १ | उत्पादन, श्रमिक, सामग्री, अचल सम्पत्ति अभिलेख, नगदप्र वाहका अभिलेख राख्ने तरिकाहरू, नाफा तथा नोक्सान अभिलेख | १ | |
| | २ | उत्पादन, श्रमिक, सामग्री, अचल सम्पत्ति अभिलेख, नगद प्रवाहका अभिलेख राख्ने तरिकाहरू, नाफा तथा नोक्सान अभिलेख व्यवस्थापनको अभ्यास | | १ |
| | ३ | बचतको अवधारणा, वित्त परिचालनमा नगद प्रवाह चार्ट, ऋण प्रदायकहरूको नाम, ब्याज, सर्तहरू | १ | |
| | ४ | बजार सम्बन्धनका लागि उत्पादनशील सम्बन्धन (प्रोडक्टिभ एलायन्स) | १ | |
| ९ | | फिल्ड भ्रमण (कृषि तथा पशुपन्छी व्यवसाय तथा बजार) र प्रस्तुति | | ४ |
| १० | १ | बजार सम्बन्धन, बजार सम्वन्धनका तरिकाहरू, समूहगत बजारीकरण र खरिद तथा समूहगत बजारीकरणको लेखाजोखा | १ | |
| | २ | करार खेती र यसका फाइदा, चुनौती र चुनौती समाधानका उपायहरू, | १ | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन
२०७५

| दिन | सेसन | तालिम सत्रका विषयवस्तुहरू | सहजीकरणको तरिका | |
|---|---|---|---|---|
| | | | प्रशिक्षण | प्रयोगात्मक |
| | | सौदाबाजी सीप, करार विवरण र करार लेखाजोखा | | |
| | ३ | करार लेखाजोखा, करार विवरण, स्थानीय तहको कानुनको जानकारी, सौदाबाजी सीप र सफल सौदाबाजीका लागि तरिकाहरूको अभ्यास | | १ |
| | ४ | उद्यम व्यवसायमा देखा पर्ने जोखिमहरू र जलवायु परिवर्तनका असर तथा जोखिम व्यवस्थापन रणनीतिहरू | १ | |
| ११ | १ | कृषि उद्यमहरूको कार्य सम्पादन मापन (बेञ्चमार्किङ) | १ | |
| | २ | कृषि उद्यमहरूको बेञ्चमार्किङ स्थलगत अध्ययन अभ्यास | | १ |
| | ३ | उत्पादनोपरान्त क्षति, क्षतिमा प्रभाव पार्ने कारक तत्वहरू र ताजा कृषि उपजको गुणस्तर र सुरक्षा कारकहरू तथा सुरक्षा कायम गर्ने तरिकाहरू | १ | |
| | ४ | परिपक्वता मापदण्ड र फलफूल तथा तरकारी बाली भित्राइ कार्य सम्बन्धी अभ्यास, बाली कटानी टिपाईसम्बन्धी तौर तरिकाहरू, भित्र्याएका उपजको स्थलगत परिचालन तौर तरिका | १ | |
| १२ | १ | प्याकेजिङ गृह सञ्चालन, प्याकेजिङ, लेबलिङ र ढुवानी | १ | |
| | २ | कृषि मूल्य शृङ्खलाको अवधारणा, आवश्यकता र मूल्य शृङ्खलाको नक्साङ्कन | १ | |
| | ३ | कृषि मूल्य शृङ्खलाको नक्साङ्कन अभ्यास | | १ |
| | ४ | मूल्य अभिवृद्धि र असल कृषि अभ्यास | १ | |
| १३ | १ | कृषि मूल्य शृङ्खला विकासका लागि बहुसरोकारवाला संवाद मञ्च | १ | |
| | २ | कृषि व्यवसाय पाठशालाको फाइदा लेखाजोखा | | १ |
| | ३ | कृषि व्यवसाय योजनाको कार्य सम्पादन लेखाजोखा | | १ |
| | ४ | कृषक दिवस र यसको व्यवस्थापन | १ | |
| १४ | १ | अर्को सिजनका लागि उद्यम छनोट र कृषि व्यवसाय योजनाका सम्भागहरूको पुनरावलोकन | | १ |
| | २ | अर्को सिजनका लागि कृषि व्यवसाय योजना तथा कार्ययोजनाको तयारी | | १ |
| | ३ | कुशल सहजकर्तामा हुनुपर्ने गुणहरू र सहजीकरणका लागि अपनाउनु पर्ने सीपहरू | १ | |
| | ४ | प्रशिक्षार्थीहरूको तालिम उप्रान्त मूल्याङ्कन (Post-Test) र तालिम समापन कार्यक्रम | | १ |
| जम्मा | | | ३२ | २४ |

पुनश्चः १. प्रत्येक दिनको तालिम सुरु हुनुभन्दा पहिले अघिल्लो दिनको तालिममा गरिएका क्रियाकलापहरूका बारेमा संस्मरण गराउँदै तालिमका लागि उपयुक्त हुने वातावरणको सिर्जना गरिनुपर्दछ । २. आवश्यकतानुसार तालिमका सत्रहरूका बीचबीचमा समूह गतिशीलताका अभ्यासहरू पनि राख्दै जानुपर्दछ । ३. यो १४ दिनको तालिममा भाग लिई सफलता प्राप्त गरेपछि मात्र त्यस्ता प्रशिक्षार्थीहरूलाई कृषि व्यवसाय पाठशालाको कृषक सहजकर्ताको रूपमा मान्यता प्राप्त हुने प्रमाणपत्र प्रदान गरिनेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहर भवन
२०७५

# तालिम पाठ्यक्रमको प्रभावकारिता मूल्याङ्कन

बाली उत्पादन कृषक पाठशाला, दूध उत्पादन कृषक पाठशाला, बाख्रापालन कृषक पाठशाला, कुखुरापालन कृषक पाठशाला, पशुपन्छीपालन कृषक पाठशाला, पोषण पाठशाला एवं कृषि व्यवसाय पाठशाला सञ्चालन गर्ने सहजकर्ताहरुको तालिम पाठ्यक्रमको प्रभावकारिता मूल्याङ्कनका मूख्य सूचकहरू निम्न अनुसार रहेका छन ।

**१) तालिमका सहभागीहरूको तालिम समाप्ति पछि लिइएको परीक्षाको आधारमा मूल्याङ्कन गर्ने**

क. अति उत्तम (८०% र सोभन्दा माथिको अङ्क प्राप्त गर्ने)

ख. उत्तम (६०% देखि ७९% सम्मको अङ्क प्राप्त गर्ने)

ग. मध्यम (५९% सम्मको अङ्क प्राप्त गर्ने)

**२) तालिममा समावेश गरिएका विषयवस्तु पर्याप्तता र सान्दर्भिकता बारेमा सहभागीहरूको पृष्ठपोषण**

क. विषयवस्तु पर्याप्त र ज्यादै सान्दर्भिक छन् ।

ख. विषयवस्तु पर्याप्त र सान्दर्भिक छन् ।

ग. विषयवस्तु अपर्याप्त र कम सान्दर्भिक छन् ।

**३) प्रशिक्षकहरूको प्रस्तुति, तालिम विधि तथा सिकाइ प्रक्रियाहरूको स्तर**

(सैद्धान्तिक तथा व्यावहारिक सत्रका लागि निर्धारित समय, विषयवस्तुको क्रम, तालिम सामग्रीहरूको उपयोगमा प्रभावकारिता, समग्र प्रयास र समय व्यतीत गरेको सान्दर्भिकता आदि) को बारेमा सहभागीहरूको पृष्ठपोषण/मूल्याङ्कन

क. अति उत्तम

ख. उत्तम

ग. न्यून स्तर

**४) प्रस्तावित तालिम पाठ्यक्रमको सञ्चालन निर्धारित समयसीमा भित्र सहज रूपमा कार्यान्वयन गर्न सकियो वा सकिएन ?**

क. तोकिएको समय सीमा भित्र कार्यान्वयन भयो ।

ख. तोकिएको समय सीमा भन्दा केही ढिला भयो ।

ग. तोकिएको समय सीमा भित्र कार्यान्वयन हुन सकेन ।

**५) आयोजना तथा विभिन्न निकायबाट गरिएको अनुगमन प्रतिवेदनको आधारमा तालिम पाठ्यक्रमको मूल्याङ्कन स्तर**

क. तालिमका विषयवस्तु, प्रशिक्षकको प्रस्तुति र तालिम विधि पर्याप्त र ज्यादै उपयुक्त छन् ।

ख. तालिमका विषयवस्तु, प्रशिक्षकको प्रस्तुति र तालिम विधि ठीकै छन् ।

ग. तालिमका विषयवस्तु, प्रशिक्षकको प्रस्तुति र तालिम विधि न्यून स्तरका छन् ।

६) तालिम समापन पश्चात तालिम संयोजकको तालिम प्रतिवेदन र पृष्ठपोषण

क. उपयुक्त वातावरणमा प्रशिक्षक र प्रशिक्षार्थीहरूको सक्रिय सहभागितामा सफलतापूर्वक तालिम सम्पन्न भयो ।

ख. ठीकै वातावरणमा तालिम सम्पन्न भयो ।

ग. उपयुक्त तरिकाले तालिम सम्पन्न हुन सकेन ।

## कृषक पाठशाला तालिम पृष्ठपोषण मूल्याङ्कन फाराम

तालिमका सहभागीहरूले भर्ने पृष्ठपोषण सम्बन्धी तालिम मूल्याङ्कन फाराम देहाय अनुसार रहेका छन्

| तालिम सम्बन्धी क्रियाकलाप | मूल्याङ्कन स्तर | | |
|---|---|---|---|
| | अति उत्तम | मध्यम | न्यून |
| तालिमको पाठ्यक्रम | | | |
| तालिमको पाठयोजना | | | |
| प्रशिक्षक १ | | | |
| प्रशिक्षक २ | | | |
| विषय विशेष कक्षा प्रशिक्षक १ | | | |
| विषय विशेष कक्षा प्रशिक्षक २ | | | |
| तालिम विधि : सैद्धान्तिक | | | |
| तालिम विधि : प्रयोगात्मक | | | |
| तालिम विधि : छलफल | | | |
| तालिम स्थल र वातावरण | | | |
| तालिम हल र भौतिक सुविधा | | | |
| तालिम सामग्रीहरू | | | |
| आवास सुविधा | | | |
| खाना तथा खाजा व्यवस्था | | | |
| फिल्ड भ्रमण | | | |

पुनश्चः भविष्यमा गरिने अन्य तालिमको लागि माथि छुट भएका तर सहभागीले महशुस गरेका आयोजनाको लागि केही थप सुझाव भए तल उल्लेख गर्नुहोस् ।